# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

भानु नगरपालिका

तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भानु नगरपालिका

### तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भानु नगरपालिका

## तनहुँ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |



## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**

पत्र संख्याः २०७९।८०
च.नं. १००

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगरप्रमुख ज्यू,
भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, तनहुँ ।

**कैफियत सहितको राय**

हामीले नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ४ करोड ३४ लाख ७९ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रू २६ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५१ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ८१ लाख ५८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड ९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ९ करोड ३५ लाख ७४हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३२ | ५२ | ४३४७९ | ० | ० | ० | ३२ | ५२ | ४३४७९ | २६९५ | १८१५८ | ५१९४ | ० | ० | २३३५२ | १७४३१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भानु नगरपालिका | ५००९५ | | ० | | ० | ४३४७९ | ९३५७४ |

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : भानु नगरपालिका, तनहुँ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Deepak Prasad Khatiwada | २०७९-४-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज लौडारी | २०७८-२-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४३,४७९,०४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २७,५३,९१,९५८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,८९,१४,८९३ | **चालु खर्च** | ४५,५५,९३,२२३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,९९,९९,००० | **पूँजीगत खर्च** | १३,१३,४७,२६६ |
| **राजश्व बाँडफाँट** | १०,०९,०९,८४४ | **वित्तीय/अन्य व्यवस्था** | ११,७७,९६,६८५ |
| **आन्तरिक आय** | ४,८९,१७,७७२ | | |
| **अन्य आय** | १,८६,०९,००० | | |
| **कुल आय** | ७१,७३,५०,५०९ | **कुल खर्च** | ७०,४७,३७,१७४ |
| **बाँकी मौज्दात** | | २८,८०,०५,२९३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १३ वडा ६५ सभा सदस्य १८४ व.कि.मि.क्षेत्रफल र ४५७९२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वितिय प्रतिवेदन**<br><br>वितिय प्रतिवेदनः | |

**प्रासी भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | सोझै भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | | ७५५०५५०८८ | ७०२८९९३२८ | | ७०२८९९३२८ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७५१६९९००० | ६९८७४१५१० | ० | ६९८७४१५१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११००० कर | ११ | १२०८९७००० | १३७९००३४५ | ० | १३७९००३४५ | |
| | | | १३००० अनुदान | | ६२४२०२००० | ५४८९१३८९३ | ० | ५४८९१३८९३ | |
| | | | संघीय सरकार | १२ | ५८९२०३००० | ५१८९१४८९३ | ० | ५१८९१४८९३ | |
| | | | प्रदेश सरकार | १२ | ३४९९९००० | २९९९९००० | ० | २९९९९००० | |
| | | | १४००० अन्य राजस्व | | ६४००००० | ११९२७२७२ | ० | ११९२७२७२ | |
| | | | १५००० विविध प्राप्ति | | २००००० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | ३३५६०८८ | ४१५७८१८ | | ४१५७८१८ | |
| | | | कोषहरु | | ३३५६०८८ | ८९३७५० | ० | ८९३७५० | |
| | | | धरौटी | | ० | ३२६४०६८ | ० | ३२६४०६८ | |
| | | | भुक्तानी (ग+घ) | | १०२४३२५७३१ | ६९०३८१४४४ | | ६९०३८१४४४ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०२०९६९६४३ | ६८६४४०७३२ | | ६८६४४०७३२ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ३५६४५९००० | ३२४४९३६२१ | ० | ३२४४९३६२१ | |
| | | | २२००० मालसामान तथा सेवाको | १८ | २२२४६३०२१ | १४४४८३५७५ | ० | १४४४८३५७५ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १४३४४४९७ | ८३८९५९७ | ० | ८३८९५९७ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३०२३५६६० | १०४२०९३५ | ० | १०४२०९३५ | |
| | | | २८००० अन्य खर्च | १८ | ६२३३००० | ४०३९६३५ | ० | ४०३९६३५ | |
| | | | वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३९१२३४४६५ | १९४६१३३६९ | ० | १९४६१३३६९ | |
| | | | घ. अन्य भूक्तानी | | ३३५६०८८ | ३९४०७१२ | | ३९४०७१२ | |
| | | | कोषहरु | | ३३५६०८८ | १७६९९४१ | ० | १७६९९४१ | |
| | | | धरौटी | | ० | २२४९०८९ | ० | २२४९०८९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>-७८३१८</td><td></td><td>-७८३१८</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>-२६९२७०६४३</td><td>१२५१७८८४</td><td></td><td>१२५१७८८४</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (</td><td></td><td></td><td>२७५३९१९५९</td><td></td><td>२७५३९१९५९</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-२६९२७०६४३</td><td>२८७९०९८४३</td><td></td><td>२८७९०९८४३</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>२८८००५२९४</td><td></td><td>२८८००५२९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिकवार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०७४ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको<br>· वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण१०० मि सम्मको पुललिफ्ट सिँचाइसडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको<br>· स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको<br>· सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्नुपर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गूरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत पुँजिगत बजेट अन्तर्गतको रु १२ करोड १५ लाख ६० हजार खर्च गरेकोमा खरिद योजना तथा खरिदको गुरुयोजना नबनाई खर्च गरेको देखियो । अत पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा खरिद गुरुयोजना बनाई व्यवस्थित किसिमले प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।<br><br>· निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले गाउँपालिका र स्वास्थय तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्चमा ३० करोड ५६ लाख ०५ हजार खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन ।यस सम्बन्धमा कार्यालयमा छलफल गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहको तलबी प्रतिवेदन पास नगरेको पाइयो संघिय मामिला तथा सामान्य प्रशानन मन्त्रालयको मिति २०७६।५।१८ को पत्र बमोजिम स्थानिय तहका कर्मचारी र सघंबाट स्थानिय तहमा कामकाज गर्न खटिएका कर्मचारीहरुको हकमा सम्बन्धित जिल्ला स्थिति कोष तथा लेखा नियन्त्रक बाट तलबवि प्रतिवेदन पारित गर्ने व्यवस्था उल्लेख गरेता पनि तलबि प्रतिवेदन पास गरेको छैन । पालिकाले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई बमोजिमको कार्य भएको देखिएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।<br>· स्थानीय तहमा बजेट तर्जुमाकार्यान्वयनआर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर २.९ मा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँ । नगर सभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँ । नगर सभाबाट स्वीकृत बजेट रु १ अर्व २ करोड ९ लाख ६९ हजार समय सीमा सहितको कार्ययोजना बनाएको देखिएन । स्वीकृत बजेटको समय सीमा सहितको कार्ययोजना नबनाउँदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्छ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन समय सीमा सहितको कार्ययोजना बनाई बजेट कार्यान्वयन हुनु पर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म ले प फा नं २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>यस बर्षको बैक मौदात वितिय प्रतिवेदन अनुसार रु २८८००५२९३। रहेकोमा वास्तविक बैक मौदात ३००००९७१० रहेको कार्यालय बाट प्राप्त विवरण तथा बैक स्टेटमेन्टमा देखिन्छ। फरक पर्ने गएको रु १२००४४१७।यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>
चौमासिक पुँजिगत खर्च
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यलयले उपलब्ध गराएको वित्तिय प्रतिवेदन बमोजिम चौमासिक रुपमा खर्चको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ४९।७४ प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
रु हजारमा
<table>
<tr><td rowspan="2">क्र.सं.</td><td rowspan="2">बजेट उपशीर्षक</td><td colspan="2">बजेटरखर्च</td><td colspan="2">प्रथमचौमासिक</td><td colspan="2">दोस्रोचौमासिक</td><td colspan="2">तेस्रोचौमासिक</td><td>असारको</td></tr>
<tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>खर्च</td></tr>
<tr><td>१</td><td>पुजीगत</td><td>३९१२३४</td><td>१९४६१३</td><td>१४०७२९</td><td>८३२७९</td><td>१०३६५५</td><td>२७७५४</td><td>१०५२९९</td><td>८३५६९</td><td>१६८९७</td></tr>
<tr><td colspan="8">खर्च प्रतिशत ४९।७४</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
क्षेत्रगत बजेट
स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>९२९२२४२७</td><td>५१३७१४४५</td><td>५५.२८</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>४२८३३०३२४</td><td>३६४८७८५४६</td><td>८५.१९</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>२९१४८२६२५</td><td>१४०९५९४५१</td><td>४८.३६</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२५३०६१२५</td><td>१३३३७५१४</td><td>५२.७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१८२९२८१४२</td><td>११५८९३७७६</td><td>६३.३५</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>१०२०९६९६४३</td><td>६८६४४०७३२</td><td>६७.२३</td></tr>
</table>
उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको ४८।३६ % रहेको छ भने सामाजिक विकासमा ८५।१९ खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अवण्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले समपुरक कोषमा एकमुष्ठ रकम रु १ करोड ५० लाख विनियोजन गरेको छ भने पुँजिगत मर्मत सम्भार शिर्षकमा रु १ करोड ३० लाख ५० हजार अबण्डा राखि कुल २ करोड ८ लाख १६ हजार खर्च गरेको छ।पालिकाले आयोजनामा बजेट विनियोजन नगरी बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ रहेकोमा ७ वटा फर्छ्यौट भएकोमा २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कर्मचारी कल्याणकोषः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले यस वर्ष वित्तीय कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ११ | | | **रकमान्तर**<br><br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको कुनै शीर्षकवाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ।जस अनुसार चालुमा रकमान्तरवाट थप गर्न मिल्ने व्यवस्था गरेको देखिदैन। कार्यालय बाट प्राप्त विवरण अनुसार रु ७ करोड ५ लाख ५० हजार रकमान्तरवाट करार सेवा शुल्क विविध खर्च अनुगमन भत्ता तथा अन्य शिर्षकमा थप गरि रकमान्तर गरेको देखिएको छ।बजेट टुक्रा टुक्रा पारी धैरै आयोजना तथा कार्यक्रममा रकमान्तर गरेको छ। ऐन अनुसार चालुमा रकमान्तर गर्न पाइने उल्लेख नभएकोमा चालुमा रकमान्तर गरि अतिरिक्त रकम थप गर्नु उचित देखिएन। चालुमा हुने रकमान्तरमा नियन्त्रण गर्नुपर्दछ। | |
| १२ | | | **समानिकरण अनुदान बाट चालु खर्च**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व वाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छ भने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु २ करोड ८४ लाख ३४ हजार वजेट राखी रु १ करोड ७ लाख ६५हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व वाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।<br><br>**सि.नं.** / **खर्च संकेत नं.** / **खर्च शीर्षक** / **अन्तिम बजेट** / **खर्च**<br>**१** / — / **नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान** / **१२६२५०००.००** / **५४७७५२३.००** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५०००० | ५०००० |
| ३ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५०००० | ५०००० |
| ४ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६००००० | ४९६६३५ |
| ६ | २२५२२ | कार्यक्रम खर्च | २७९५००० | १०१८७५० |
| ७ | २२५२९ | विविध कार्यक्रम खर्च | १००००० | १००००० |
| ८ | २२६११ | अनुगमन मूल्यांकन खर्च | १५०००० | १५०००० |
| ९ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ९१०००० | ४४८८२८ |
| १० | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ४२७५००० | ९९२२६७ |
| ११ | २५३१५ | अन्य सस्था सहायता | ६२५००० | ३२५००० |
| १२ | २७११२ | अन्य सामाजिक सुरक्षा | १००००० | १००००० |
| १३ | २७२१२ | उद्दार राहत तथा पुनर्स्थापना खर्च | २५००००० | १७४६०४३ |
| **२** | **गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान** | | **१५८१००००** | **५२८८२५९** |
| १ | २११३९ | अन्य भत्ता | ६००००० | ५७००० |
| २ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५१०००० | २३५९०० |
| ५ | २२११२ | संचार महसुल | १०००००० | ३२१९७५ |
| ६ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सञ्चालन खर्च | १५००००० | १३४६८८७ |
| ७ | २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | ५००००० | ३१३३९७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>२२३११</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>२००००००</td><td>१५८५५२२</td></tr>
<tr><td>९</td><td>२२३१४</td><td>इन्धन - अन्य प्रयोजन</td><td>७०००००</td><td>४२५९७८</td></tr>
<tr><td>१०</td><td>२२४११</td><td>सेवा र परामर्श खर्च</td><td>२००००००</td><td>८००००</td></tr>
<tr><td>११</td><td>२२६११</td><td>अनुगमन मूल्यांकन खर्च</td><td>१५०००००</td><td>७८२०००</td></tr>
<tr><td>१२</td><td>२२६१२</td><td>भ्रमण खर्च</td><td>१००००००</td><td>१३९६००</td></tr>
<tr><td>१४</td><td>२२७११</td><td>विविध खर्च</td><td>३००००००</td><td>२५७४३२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सेवा प्रवाह<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १२० मृत्यु दर्ता २६ वटा नाता प्रमाणित ९८ वटा घरवाटो शिफारिश १६१ वटा नागरीकता शिफारिश ३०९ वटा र अन्य १३५८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद बसाई सराई पञ्जीकरण दर्ता तथा सिफारिश पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खाना तथा विविध खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुस्ट्याई गर्ने प्रमाण कागजात समेतको लेखा राख्नुपर्ने एवंम नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्बन्धी मापदण्ड २०७७ को दफा ३ मा सार्वजिनक निकाय तथा सार्वजिनक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय समान मसलन्द पानि बिजुली इन्धन विविध खर्च लगायतका शिर्षकमा खर्च गर्दा मितव्ययि कायम हुने गरि खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले खाना खाजा तथा अतिथि सत्कारको लागि रु ९४ लाख ७५ हजार खर्च गरेको छ। लेखापरिक्षणको क्रममा नमुना छनोटको आधारमा हेर्दा स्पष्ट्र प्रयोजन र आधार नखुलाई खर्च गरेको देखिन्छ। पालिकाले यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।प्रयोजन नखुलाई गरेको विविध खर्चका उदाहरण निम्न छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु४१ लाख ९७ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्यअनुगमन तथा भ्रमण प्रतिवेदनभ्रमण अभिलेखदुरीको विवरणसवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १६ | | | **नक्सा पास**<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा ६९ वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा ५५ लाई अस्थायी अनुमति दिएको छ गत आर्थिक बर्षको २७ र यस आर्थिक बर्षको ११ गरि ३८ वटा घरको सम्पन्न प्रमाणपत्र दिएको देखिन्छ। । पालिकाले आफ्नो क्षेत्रिभित्रको धेरै घरहरु बनेको अवस्थामा समेत नक्सा पास गरेको पाइएन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| १७ | | | **फिल्ड भत्ता**<br><br>नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्च मितव्ययित कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को दफा ६ मा सार्वजनिक कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च महङ्गि भत्ता र स्थानिय भत्ता बाहेकका अन्य कुनै पनि प्रकारका विशोष भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ। पालिकामा कार्यरत प्राविधिक शाखामा कार्यरत १० जना कर्मचारीहरुलाई फिल्ड भत्ता रु ७५२०००। खर्च लेखेको छ।पालिकाले मापदण्ड विपरित भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| १८ | | | **आर्थिक सहायता**<br><br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयहरु सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।न्युन आय हुनेहरुको लागि सहयोग कार्यक्रम अन्तर्गत आन्तरिक स्रोत तथा वित्तिय समानिकरण अनुदान बजेट विनियोजन गरि रु ३६ लाख ४६ हजार खर्च गरेको छ।पालिकाले आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको ठुलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्न गरेको आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। | |
| १९ | | | **कार्यालयले कम कवोल अंक निर्धारण गरेकोः**<br><br>प्रदेश सरकार आर्थिक ऐन २०७७ को दफा ८ (१) अनुसुची ६ बमोजिम ढुङ्गा गिटि बालुवा उत्खनन् र संकलन शुल्क प्रति क्यूविक फिट रु ७ का दरले हुने ब्यवस्था छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रका कर निर्धारण प्रदेशले निर्धारण गर्ने र गाउँपालिका तथा नगरपालिकाले संङ्कलन गर्ने उल्लेख छ। साथै दोहोरो कराधिकार क्षेत्र मा प्रदेश सरकारको कानुन सँग नबाझिने हुनुपर्ने उलेलेख छ।पालिकाले सुचना प्रकाशन गर्दा प्रदेश आर्थिक ऐन बमोजिम निर्धारण गर्नुपर्ने रकम भन्दा कम न्यनतम अंक राखि सुचना प्रकाशन गरेको र सोहि अनुसार ठेक्काको प्रकृया भई कार्यालयले सम्झौता गरेको छ।देहायको घाटहरुको ढुङ्गा गिट्टी बालुवा उत्खननको लागि न्युन न्युनतम कवोल अंक निर्धारण गरेको पाइयो। यस सम्बन्धमा पालिकामा छलफल गर्दा कार्यापालिका बाट न्युनतम कवोल अंक निर्धारण गरेको र प्रदेश आर्थिक ऐन बमोजिमको दररेट लाई ध्यान नदिएको कारणले कवोल अंक कम भएको भन्ने भनाई रहेको छ। पालिकाले प्रदेश कानुन बमोजिम कर संकलन गर्नुपर्ने साथै प्रदेश कानुन बमोजिम न्युनतम कवोल अंक बमोजिम गर्नुपर्ने देखिन्छ। प्रदेश सरकरको आर्थिक ऐन बमोजिम कर संकलन नगरेको कारण पालिकालाई कम राजस्व प्राप्त भएको देखिएको रु | ३२२,१८६ |

| ठेक्का नं | विवरण | तोकिएको परिमाण घ मी | कवोल न्युनतम अंक | हुनुपर्ने कवोल अंक | घटी रकम |
|---|---|---|---|---|---|
| ०२।२०७८।७९ | बालुवा घाट भानु २ | ७९५३ | १५००००० | १९६४०७३ | ४६४०७३ |
| ०६।२०७८।७९ | ढुकुर्दी घाट प भानु ३ | १७१२ | ४००००० | ४२२७९५ | २२७९५ |
| १२।२०७८।७९ | रयाले घाट भानु १०( ठेक्का लागेको) | ४५४४ | ८००००० | ११२२१८६ | ३२२१८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २० | | | **न्युनतम कवोल अंकमा राजस्व छुटः**<br><br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) र (२) मा नगरपालिकाले आफनो क्षेत्रधिकार क्षेत्र भित्रका बिषयमा नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ। यस नगरपालिकाले ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा संकलन गरे बापत प्राकृतिक श्रोत उपयोग कर लिन सक्ने व्यवस्था बमोजिम आर्थिक ऐन २०७७ ले तोकेको दरमा ठेक्का व्यवस्थापन गरि कर असुल गरेता पनि पटके निर्णयको आधारमा बोलपत्र सुचनाको बखत मै १० प्रतिशत छुट दिने घोषण गरिएकोले ठेक्का कवोल अंकको रु ३०६०६०।छुट दिएको देखिन्छ। कानुनी मापदण्ड विना यसरी छुट दिएकोमा नियमसम्मत देखिएन । प्राकृतिक श्रोत उपयोग कर र स्थानिय शुल्क बापत प्राप्त राजस्व प्राप्ति तथा छुटलाई व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि तथा मापदण्ड बनाई लागु हुनु पर्दछ। | ३०६,०६० |
| २१ | | | **असुली गर्न बाँकी आन्तरिक आय**<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।नगरपालिकाले ठेक्का नं ०८।२०७८।७९ वेनिबजार घाटको ढुङ्गा गिट्टी बालुवा उत्खननको लागि न्युनतम कवोल अंक १४०००००। रहेकोमा ४४६२ घ मी उत्खननको लागि शिलबन्दी बोलपत्र आव्हान गरेको पाइयो। विभिन्न फर्महरुको प्रतिस्पर्धा गरेकोमा श्री अधिकारी कन्स्ट्रक्सन प्रा लि ले रु १८०३३७५।कवोल अंक गरि सम्झौता गरेको छ। पालिकाले सम्झौतामा कवोल अंकको ५० प्रतिशत रकम सम्झौताको बखत दाखिला गर्नुपर्ने र बाकि रकम २ किस्ता गरि चैत मसान्त र बैशाख मसान्तमा भुक्तानी गर्नुपर्ने तोकिएको म्याद भित्र नबुझाएमा बाँकि रकममा १० प्रतिशत थप क्षतिपुर्ति सहित सरकारी बाँकि सरह असुल गर्ने उल्लेख छ। अधिकारी कन्स्ट्रक्सन प्रा लि ले १०१५८७५। सम्झौता गर्दाको बखत दाखिला गरेको पाइयो भने बाँकि रकम रु ७८७५००। समयमा दाखिला नगरेकोले १० प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने रु | ८६६,२५० |
| २२ | | | **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br><br>· **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हलसंगीतथियटर मनोरञ्जन प्रदर्शन स्थलऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · **जडीवुटी कवाडी र जीवजन्तु करः** ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>· **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ<br>· **घर बहालकरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ।पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचान लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| २३ | | | **अनुगमन मुल्यांकनः**<br><br>ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४ (९) मा उत्खनन् र संकलन गर्दा वातवरणिय अध्ययन प्रतिवेदनमा उल्लेख भएको शर्त ठेक्का सर्त अनुगमन समितिले दिएको निर्देशन समेतको पालना गर्नु उलेलेख छ भने सोही मापदणडको दफा ७(६) मा उत्खनन् सङ्कलन वा ढुवानीकर्ताले उत्खनन् सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसची ४ क बमोजिमको र दैनिक पटके बिक्रि वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ ख बमोजिमको ढाँचामा राख्नु पर्ने उल्लेखछ ।प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण नापजाँच अभिलेख राख्नु पर्ने ठेक्का सम्झौता उल्लेख भएको परिमाण स्थान आदिको पालिका अनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खनन्को स्वीकृती दिई ठेक्का लगाएको भएतापनि प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण नापजाँच अभिलेख नराखेको ठेक्का सम्झौता उल्लेख भएको परिमाण स्थान आदिको अनुगमन समितिद्धारा नियमित अनुगमन गरेको पाइएन। नदिजन्य पदार्थ सम्बन्धि आगमी दिनमा नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा विभिन्न सरोकार निकायसँगको समन्वलाई जोड दिई अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ । | |
| २४ | | | **अनिवार्य दायित्व बाहेकको शिर्षकमा भुक्तानीः**<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा तलब बहगी भत्ता सरुवा भ्रमण खर्च पोषाक घरभाडा | ३,६६१,२६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सेवा निवृत्त सुविधा लगायत शिर्षकमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले उक्त नियममा उल्लेख भए बाहेकको देहाय बमोजिमको शिर्षक बजेटमा समावेश गरि गत बर्षको खर्चलेखि भुक्तानी दिएको साथै भुक्तानी दिन बाँकिको विवरण समेत बनाएको देखिएन। यसरी चालु प्रकृतिको दायित्व सार्न नमिल्ने शिर्षकहरुको दायित्व सिर्जना गरि भुक्तानी दिएको रकम अनियमित देखिएको रु
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२८</td><td>विविध खर्च होम बहादुर भण्डारी लाई भुक्तानी</td><td>५३९१८</td></tr>
<tr><td>२९</td><td>इन्धन वापतको रकम भुक्तानी ऋषी आयल स्टोर्स लाई भुक्तानी</td><td>३८७६३२</td></tr>
<tr><td>९७</td><td>विभिन्न कर्मचारी तथा पदाधिकारीको बैठक भत्ता</td><td>१७६०००</td></tr>
<tr><td>२४</td><td>विविध सामाग्री खरिद</td><td>६८९००</td></tr>
<tr><td>२५</td><td>विविध सामाग्री खरिद</td><td>३७२७६९</td></tr>
<tr><td>२६</td><td>मसलन्द्र सामाग्री खरिद</td><td>४६०२३७</td></tr>
<tr><td>२८</td><td>विविध मसलन्द्र सामाग्री खरिद</td><td>५३९१८</td></tr>
<tr><td>२९</td><td>इन्धन खरिद</td><td>३८७६३२</td></tr>
<tr><td>३५</td><td>विविध प्रशासनिक खर्च</td><td>१५००००</td></tr>
<tr><td>३६</td><td>विविध प्रशासनिक खर्च</td><td>२९८०८०</td></tr>
<tr><td>३७</td><td>विविध खर्च</td><td>१८७५००</td></tr>
<tr><td>४५</td><td>विविध वडागत प्रशासनिक खर्च</td><td>१५५०००</td></tr>
<tr><td>४७</td><td>विविध वडागत प्रशासनिक खर्च</td><td>१४७७१०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५१</td><td>विविध प्रशासनिक खर्च</td><td>४४२६७</td></tr>
<tr><td>५३</td><td>विविध खर्च</td><td>१८००००</td></tr>
<tr><td>७३</td><td>अध्यायन अवलोकन खर्च</td><td>१०००००</td></tr>
<tr><td>८६</td><td>विविध वडागत प्रशासनिक खर्च</td><td>३२००००</td></tr>
<tr><td>१००</td><td>गत आव को बैठक भत्ता</td><td>११७७००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६६१२६३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>जिन्सि दाखिला नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को दफा ९५ मा आफनो कार्यालयमा रहेका र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सि मालसामनको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सि किताबमा आम्दानि बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ नं ५२५।२०७९।०२।२५ बाट बसन्ति ट्रेड एण्ड सप्लायर्स प्रा लि लाई 4KW Solar Inverter खरिद तथा जडान बापत रु १८५०००। भुक्तानी गरेकोमा दाखिला जिन्सि नभएको पाइएकोले जिन्सि दाखिला प्रमाण पेश हुनुपर्ने रु</td><td>१८५,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>स्वेक्षिक अवकास प्रोत्साहन<br><br>नगरपालिकाले भौ नं ५२२।२०७९।०३।२४ बाट स्वेच्छिक अवकास योजना अन्तर्गत छनोट भएका शिक्षकहरुको सेवा सुविधा वापतको रकम रु ६५०००००। भुक्तानी गरेको छ। पालिकाले सामुदायिक शिक्षकको स्वेच्छिक अवकास योजना व्यवस्थापन कार्यविध २०७९ बाट कार्यअवधि २ देखि ५ बर्ष रहेको शिक्षकहरु १३ जना लाई ५००००। का दरले भुक्तानी गरि रु ६५००००। खर्च गरेको छ। पालिकाले कार्यपालिकाको पटके निर्णय गर्दा संघिय सरकारको कर्मचारीको हकमा कर्मचारीको पेन्सन तथा अन्य सुविधा मा संघिय सरकारलाई दायित्व सिर्जाना हुने र नयाँ जनशक्ति नियुक्तिको लागि थप दायित्व सिर्जना हुने हुँदा संघिय सरकारको परामर्श तथा कार्यविधि विना पटके निर्णयको आधारमा प्रोत्साहन भत्ता गरेकोमा संघिय दायित्वको व्ययभार पर्ने विषयमा निर्णय गर्दा संघिय कानुन बमोजिम भुक्तानी गर्नुपर्ने हुदा यसरि भुक्तानी भएको रकम अनियमित देखिएको रु</td><td>६५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **सेवा करारः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी सवारी चालक माली वगैचे चौकिदार कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख ।तर पालिकाले करार सेवा बाट प्राविधिक तथा अन्य तहका कर्मचारी हरु नियुक्ति गरि तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले करारसेवा बाट पदपुर्ति गर्ने नमिल्ने पदमा लोकसेवाबाट पदपुर्ति गर्नुपर्ने देखिन्छ। ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ। | |

| सि नं | पद | नाम | मासिक तलब | बार्षिक तलब |
|---|---|---|---|---|
| १ | ना प्र सा | अजन्ता ढकाल | ३७९९० | ४९३८७० |
| २ | कृषि अधिकृत | प्रताप पाण्डे | ३७९९० | ४९३८७० |
| ३ | इन्जिनियर | लक्ष्मण पौडेल | ३७९९० | ४९३८७० |
| ४ | सव इन्जिनियर | सुजन बस्न्यात | ३०२०० | ३९२६०० |
| ५ | सव इन्जिनियर | सन्दिप अधिकारि | ३०२०० | ३९२६०० |
| ६ | सव इन्जिनियर | सुशिल न्यौपाने | ३०२०० | ३९२६०० |
| ७ | सव इन्जिनियर | सुमन पोख्रेल | ३०२०० | ३९२६०० |
| ८ | खापासटे | शान्त विक्रम अरि | २८६१० | ३७१९३० |
| ९ | खापासटे | काजिमा अधिकारी | २८६१० | ३७१९३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१०</td><td>असिष्ट्रेन्ट सव इ</td><td>शिव कुमार श्रेष्ठ</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४१६७८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td>163</td><td>२०७९-३-२४</td><td>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान<br><br>क) विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं २.७.१३.१३मा छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट रु ६ लाख ५० हजारका दरले अनुदान दिने । उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामाग्री खरिद गर्ने । लाइव्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै पुस्तक र्याक बसाइ व्यवस्थाका लागि कुर्सी टेबल लगायतका सामाग्रीहरु व्यवस्था गर्न उक्त बजेटको २५ प्रतिशतसम्म बजेट सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्ने। विद्यालयले खरिद गरेका पुस्तकहरुको सूची अनिवार्यरुपले स्थानीय तहमा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली को नियम ८५(४) मा सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा भानु नगरपालिकाबाट अनुदान प्राप्त गरेका विद्यालयहरुले शैक्षिक सामाग्रीहरु खरिद गर्न विभिन्न कम्पनीहरुसँग लागत अनुमान बेगर कोटेशन माग गरेको साथै कम्पनीहरुले मूल्यसूची समावेश नगरी कोटेशन भन्ने पत्र मात्र पेश गरेको आधारमा खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को मर्म अनुरुप प्रतिस्पर्धाका आधारमा खरिद गरेको देखिन आएकोले अनुदान दिँदा खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरे नगरेको यकिन गरि दिनु पर्दछ।<br>ख) विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा पालिकाभित्रका कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम प्रति विद्यालय वार्षिक रु ६ लाख ५० हजार अनुदान प्राप्त गरेका श्री मनोहर मा.वि., श्री जनजागृति मा.वि. र सत्यदेवि आ.वि. ले विज्ञान प्रयोगशालाका लागि आवश्यक सामाग्रीहरु खरिद गर्न कोटेशन माग गरेकोमा ३ वटै विद्यालयहरुले ३ वटा कम्पनीहरु (Madhyamanchal Scientific House, Chitwan Scientific Link Pvt.Ltd. र B.R. Surgical Traders) सँग मात्र कोटेशन माग गरी सबै विद्यालयले एउटै कम्पनी (Madhyamanchal Scientific House) सँग मात्र खरिद गरेको देखिएकोले विद्यालयहरुलाई सार्वजनिक खरिद कानून बमोजिम खरिद गर्ने यकिन गराई अनुदान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२९</td><td>60</td><td>२०७८-९-२१</td><td>सेनिटरी प्याड खरिदमा देखिएका व्यहोराहरु<br><br>पालिकाले यस बर्ष श्री केबलेश्वर मेडि सेल्सबाट थान स्यानिटरी प्याड खरिद गरि रु ४९३१९६ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको</td><td>१७,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यहोरा यस प्रकार छनः<br>**लागत अनुमान वेगर खर्चः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ।<br>**मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानीः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम (६ ) ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।तर कार्यालयले सेनिटरी प्याड खरिद गर्दा श्री केबलेश्वर मेडि सेल्सलाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी दिएकोले सोको ३० प्रतिशत असुल हुनुपर्ने रु<br>**समन्वय नगरी खरिदः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ को दफा ३(४) मा स्थानीय तहले शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाई सेनिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग नभिडाई अनुमानका भरमा सेनिटरी प्याड खरिद गरेकोले विद्यालयगत माग फारम तथा छात्राहरुको संख्या यकिन गरेर मात्र खरिद गर्नुपर्दछ। | |
| ३० | 143 | २०७९-३-२० | **सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदानबाट पालिकाले कार्यक्रम पेश्की लिएको**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.११ मा उल्लेख भएको शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण तोकिएको मापदण्ड पूरा गरेका केन्द्रहरुलाई एकमुष्ठ रु २ लाख रकम अनुदान उपलब्ध गराउने उल्लेख भएकोमा पालिकाले त्यहाँ रहेका ७ वटा सिकाइ केन्द्रहरु अन्तर्गत गठित आयआर्जन महिला समुहहरुलाई मागमा आधारित ७ दिने सीपमुलक तालिम कार्यक्रम सञ्चालन गर्न शिक्षा शाखालाई पेश्की उपलब्ध गराएको छ । सिकाइ केन्द्रहरुलाई दिने अनुदानबाट पालिकाले नै पेश्की लिई कार्यक्रम सञ्चालन गर्नु नियम सम्मत नदेखिएको रु | ४३०,९३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td>86</td><td>२०७८-१२-८</td><td>करारका शिक्षकलाई पोशाक भत्ता भुक्तानी<br><br>सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता दिन मिल्ने उल्लेख गरेको छ ।पालिकाले होमराज लोहनी शारदा शिक्षा सदन माध्यमिक विद्यालयको करारमा नियुक्त भएको शिक्षक हरुको छ महिना नपुग्दै पोशाक भत्ता दिनु नमिल्ने देखिएको अनियमित देखिएको रु
<table>
<tr><th>विद्यालको नाम</th><th>शिक्षकको नाम</th><th>हाजिर मिति</th><th>पोसाक निकासा रकम</th></tr>
<tr><td rowspan="2">श्री भानु मा. वि.</td><td>कृष्ण प्रसाद भण्डारी</td><td>२०७८।१२।०१</td><td>१००००</td></tr>
<tr><td>दिपक भण्डारी</td><td>२०७८।१२।०४</td><td>१००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२००००।</td></tr>
</table></td><td>२०,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>पेश्की बाँकि<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौट सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फर्छ्यौट नगरेकोले उक्त पेश्की नियमानुसार फर्छ्यौट गर्नुपर्दछ। रु १५०५००००।
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>गो भौ नं</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने व्यक्त फर्म</th><th>रकम</th></tr>
<tr><td>०५/०९/२०७८</td><td>220</td><td>क्रमागत कालिमाटी अस्पताल</td><td>किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी</td><td></td></tr>
<tr><td>११/०८/२०७८</td><td>294</td><td>क्रमागत वडा भवन ७</td><td>एभरेष्ट निर्माण सेवा</td><td>५५००००</td></tr>
</table></td><td>९,६५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **म्याद ननाघेको पेश्की जम्मा** | | | | **७६९५०००** |
| ०५/३०/२०७८ | 136 | विपद व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय,तनहूँ | १३८०००० |
| ०१/२२/२०७९ | 395 | उत्पादन सामग्री / सेवा खर्च | तनहुँ जिल्ला अदालत | १००००० |
| ०२/१२/२०७९ | 475 | कालिका मा.वि.स्कुल बस खरिद | श्री कालिका माध्यमिक विद्यालय | १०००००० |
| ०३/१९/२०७९ | 5 | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री राष्ट्रिय मा वी | १०८०००० |
| ०३/२०/२०७९ | 8 | विद्यालय कक्षाकोठा निर्माण अनुदान आ व २०७९।८० मा | श्री राष्ट्रिय मा वी | २५२०००० |
| ०३/२४/२०७९ | 172 | एक शैक्षिक संस्था एक उद्यम | त्रिभुवन माध्यमिक विद्यालय | ५००००० |
| ०३/२४/२०७९ | 172 | Learning by Earning कार्यक्रम | त्रिभुवन माध्यमिक विद्यालय | १०००००० |
| ०१/२६/२०७९ | 466 | समपुरक कोष | पंञ्चनगर माझ डिही झोलुङ्गे पुल | ९००००० |
| ०८/१६/२०७८ | 39 | मातृ तथा नवशिशु कार्यक्रम | शिब ढुङ्गाना | १००००० |
| १२/२३/२०७८ | 352 | वडाको प्रशासनिक खर्च | श्री ध्वज गुरुङ्ग | १००००० |
| १२/२३/२०७८ | 375 | पूँजीगत मर्मत तथा सार्वजनिक | हिरा बहादुर नेपाली | २००००० |
| ०१/१५/२०७९ | 101 | पालिकास्तरमा खोप र प्रवद्र्धन | शिव राज मिश्र | २००००० |
| ०१/२७/२०७९ | 405 | विविध कार्यक्रम खर्च | होम बहादुर भण्डारी | १०००० |
| ०३/०३/२०७९ | 20 | शिक्षा कार्यक्रम | सरस्वती गुरुङ्ग ढकाल | ८०००० |
| ०३/१४/२०७९ | 127 | आयुर्वेद औषधालयको संचालन खर्च | उमेश भगत | २००००० |
| ०३/२३/२०७९ | 501 | सवारी साधन मर्मत खर्च | सुसे सार्की | ३०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>०३/२४/२०७९</td><td>166</td><td>खाद्य सुरक्षा तथा पोषण कार्यक्रम</td><td>ध्रुवराज पौडेल</td><td>१०००००</td></tr>
<tr><td>०३/२५/२०७९</td><td>531</td><td>विविध कार्यक्रम खर्च</td><td>शिवभक्त रानाभाट</td><td>१५००००</td></tr>
<tr><td colspan="4">म्याद नाघेको पेश्की जम्मा</td><td>९६५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
आन्तरिक लेखापरिक्षण तर्फ देखिएको व्यहोरा<br><br>
स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>८६</td><td>वडा नं. २ को प्रशासनिक खर्चको रकम भुक्तानीमा वडाले पेश गरेको खर्च सार्वजनिक भन्दा बढी रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल उपर गर्नु पर्ने । भुक्तानी पाउने रीता सुवेदी तत्कालिन वडा सचिव ।</td><td>३५००</td></tr>
<tr><td>३७०</td><td>फुस्रेटार कार्यालयमा जडान गरिएको नेट मा कुन कुन शाखामा नेट जोडेको प्रस्ट नभएको र बारम्बार बोलाउदा समेत उपश्थित नभएको र अष्भिलत यााष्अभ १ र २ उल्लेख भएको तर काहा जडान भएको प्रस्ट नभएको हुँदा उक्त सम्झौता बापतको रकम असुल गर्नु पर्ने देखिन्छ ।</td><td>२०२५०</td></tr>
<tr><td>२००</td><td>प्राविधिक मुल्याङकनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिन्छ । भुक्तानी पाउने ः गोविन्द निर्माण सेवा ।</td><td>१०७७</td></tr>
<tr><td>२५१</td><td>वडा नं. ४ को बाटो सरसफाई बापतको रकम भुक्तानीमा सम्झौता पत्रमा प्रति घण्टा रु.१४०० को दरले काम गर्ने भनि सम्झौता गरिएको मा बिल पेश हुँदा प्रति घण्टा रु.२०००। को दरले काम गरेको पाइैएकोले ४६ घण्टा को लागि रु.६०० को दरले बढी भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने जोन निर्माण सेवा ।</td><td>२७६००</td></tr>
</table>
</td><td>८२,५०२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६१</td><td>पाउदुरे झिगे खोला कालीमाटी मोटर मार्ग को रकम भुक्तानीमा कन्टिनजेन्सी रकम नकटाई भुक्तानी भएकोले उक्त कन्टिन्जेन्सी बापतको रकम असुल गर्नु पर्ने देखिन्छ</td><td>९०००</td></tr>
<tr><td>३२७</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने जयपानी पिकनिक स्पट ।</td><td>१५००</td></tr>
<tr><td>३३०</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने खहरे कालामाटा गैरिफांट मोटरमार्ग</td><td>१११५</td></tr>
<tr><td>४१५</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने जैसी पंधेरा मर्मत विरुवाटार उपभोक्ता समिति ।</td><td>१५००</td></tr>
<tr><td>४५९</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने तुर्लुङकोट साखुली मोटर बाटो उपभोक्ता समिति ।</td><td>१४३५०</td></tr>
<tr><td>५५५</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने राम प्रसाद प्रतिष्ठान भवन निर्माण उपभोक्ता समिति ।</td><td>१२६०</td></tr>
<tr><td>५९३</td><td>प्राविधिक मुल्याङ्कनमा घटी भएको रकम नघटाई भुक्तानी भएको हुँदा उक्त बढी रकम असुल गर्नु पर्ने देखिन्छ । भुक्तानी पाउने कर्मिडांडा सामुदायिक भवन उपभोक्ता समिति ।</td><td>१३५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८२५०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>त्रैमासिक रुपमा हिसाब मिलान नभएको<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा १४ को उपदफा ४ मा स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको भुक्तानी/निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाब मिलानको हिसाब मिलानको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा भानु नगरपालिकाले प्रत्येक त्रैमासिकमा बाँकी रकमको हिसाब मिलान नगरी आर्थिक वर्ष समाप्त भएको २</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | महिनापछि सम्म समेत बैंकमा मौज्दात राख्दा नेपाल सरकारको कार्यक्रमको समेत प्रभावकारितामा असर परेको देखिन्छ । त्यसैले पालिकाले कार्यविधी बमोजिम गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | | **मृत्यु पश्चात रकम निकासा**<br><br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था भएकोमा लेखापरीक्षणका क्रममा नमुना छनोट गर्दा २ वटा वडाहरुमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ५३,६१० |

| सि.न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा न. | मृत्यु मिति | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य | जीत बहादुर पुलामी | १० | २०७८।०३।०४ | १८७५ | ० | १८७५ |
| २ | ज्येष्ठ नागरिक अन्य | कर्ण बहादुर आले मगर | १० | २०७८।११।१३ | १२००० | ५७३३ | ६२६७ |
| ३ | ज्येष्ठ नागरिक अन्य | रुमकला सुनार | १० | २०७८।११।१६ | १२००० | ६१३३ | ५८६७ |
| ४ | ज्येष्ठ नागरिक अन्य | चित्र बहादुर रावल | १० | २०७८।०५।२५ | ९०६७ | ७३३३ | १७३४ |
| ५ | ज्येष्ठ नागरिक अन्य | देव बहादुर घर्ति | १० | २०७८।०५।२१ | ८१३३ | ६८०० | १३३३ |
| ६ | ज्येष्ठ नागरिक अन्य | केहर मान श्रेष्ठ | १० | २०७८।०६।०८ | १२००० | ९०६७ | २९३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>यादव राज पन्त</td><td>१०</td><td>२०७८।०९।१५</td><td>१२०००</td><td>१००००</td><td>२०००</td></tr>
<tr><td>८</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>सिद्धिमान श्रेष्ठ</td><td>१०</td><td>२०७८।०९।१८</td><td>१२०००</td><td>१०४००</td><td>१६००</td></tr>
<tr><td>९</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>शुक बहादुर गुरुङ्ग</td><td>१२</td><td>२०७८।०६।०६</td><td>१२०००</td><td>८७९९</td><td>३२०१</td></tr>
<tr><td>१०</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>टिका कुमारी पण्डित</td><td>१२</td><td>२०७८।०५।२१</td><td>१२०००</td><td>६८००</td><td>५२००</td></tr>
<tr><td>११</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>सिर माया दर्जी</td><td>१२</td><td>२०७८।०८।०५</td><td>१२०००</td><td>४६६७</td><td>७३३३</td></tr>
<tr><td>१२</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>तिर्थ बहादुर खड्का</td><td>१२</td><td>२०७८।११।२२</td><td>१२०००</td><td>६९३३</td><td>५०६७</td></tr>
<tr><td>१३</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>पवित्रा पण्डित</td><td>१२</td><td>२०७८।११।१६</td><td>१२०००</td><td>६१३३</td><td>५८६७</td></tr>
<tr><td>१४</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>मन बहादुर श्रेष्ठ नेवार</td><td>१२</td><td>२०७९।०३।०५</td><td>१२०००</td><td>८६६७</td><td>३३३३</td></tr>
<tr><td colspan="5">जम्मा</td><td colspan="3">५३६१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अनुगमन भत्ता<br><br>गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता भुक्तानि गरेको छ। त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन साथै नेपालको संविधानले वितीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ।</td><td>२६३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तर यस स्थानीय तहले विभिन्न कामको अनुगमन गरेको भनि पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भत्ता भुक्तानी गरेको छ। पालिकाले भौ नं ५२६ र २२० बाट नरपालिका अन्तर्गतका योजनाहरुको अनुगमन तथा मुल्याकन गरेबापत रु २६२०००।भत्ता भुक्तानी गरेको छ। अनुगमन सम्वन्धमा कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले भत्ता वितरण गरेको छ। यसरी कानूनी आधार वेगर भत्ता वापत रकम भुक्तानी गर्नु अनियमित देखिएको रु २६३०००
<table>
<tr><td>भौ नं</td><td>कार्य विवरण</td><td>रकम</td></tr>
<tr><td>५२६</td><td>योजनाहरुको अनुगमन पदाधिकारी तथा कर्मचारी</td><td>२०००००</td></tr>
<tr><td>२२०</td><td>सुरक्षित नागरिक आवास कार्यक्रमको अनुगमन भत्ता</td><td>६३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६३०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मापदण्ड विपरितको बैठक भत्ता<br><br>अर्थ मन्त्रालयको कार्य सन्चालन निर्देशिका २०७५ मा कानूनद्धारा स्थापित समितिको वैठक वाहेक अन्य वैठकमा भत्ता वितरण गर्न नहुने स्पष्ट बिषय वस्तु र कार्ययोजना वेगर बैठक बस्न नमिल्ने बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने र एउटै निकायको र पदाधिकारी तथा कर्मचारी मात्र बस्ने बैठक मा भत्ता प्रदान गर्ने नहुने उल्लेख भएकोमा नगरपालिकाले कानूनद्धारा स्थापित नभएका विभिन्न समितिको बैठकको समय नखुलाई बसेको बैठक तथा कार्यलयको पदाधिकारी र कर्मचारीमात्र बसेको बैठक वसेकोमा वैठक भत्ता भुक्तानी दिनु बैठक भत्ताको मापदण्ड विपरित देखिने भएकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यसरी मापदण्ड विपरित र भत्ता वापत रकम भुक्तानी गर्नु अनियमित देखिएको रु
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>५४२</td><td>विपन्न नागरिक लाई अस्पतालमा निशुल्क उपचार गर्ने सिफारिस गरेबापत बैठक भत्ता</td><td>१५००००</td></tr>
<tr><td>२६९</td><td>विपन्न नागरिक लाई अस्पतालमा निशुल्क उपचार गर्ने सिफारिस गरेबापत बैठक भत्ता</td><td>६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१००००</td></tr>
</table></td><td>२१०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>दोहोरो अनुगमन भत्ता</td><td>५५,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यले अनुसुची बमोजिमको अनुगमन सुविधा पाउने उल्लेख गरे बमोजिम मासिक रुपमा अनुगमन भत्ता भुक्तानी दिएको छ। पालिकाले देहायको पदाधिकारी हरुलाई पालिका अन्तर्गका योजनाहरुको अनुगमनमा खटीएको अनुगमन भत्ता भुक्तानी गरेकोले दोहोरो अनुगमन भत्ता भुक्तानी भएको असुल हुनुपर्ने कर कट्टी पछि रु ५५२५०। | |

| भौ नं | पद | नाम | रकम |
|---|---|---|---|
| ५२६ | उपप्रमुख | उमा गोतामे | ७००० |
| ५२६ | वडा अध्यक्ष | अर्जुन बहादुर बोहोरा | ५००० |
| ५२६ | वडा अध्यक्ष | हरिहर उप्रेती | ५००० |
| ५२६ | कार्यपालिका सदस्य | वृन्दा रानाभाट | ५००० |
| ८० | वडा अध्यक्ष | पुर्ण बहादुर लौडारी | १००० |
| ५२७ | वडा अध्यक्ष ९ | मिन बहादुर गुरुङ्ग | २००० |
| ५२७ | वडा सदस्य | कृष्णराज धमनिया | २००० |
| ५२७ | वडा सदस्य | उमा श्रेष्ठ | २००० |
| ५२७ | वडा सदस्य | सर्मिला वि क | २००० |
| ५२७ | वडा सदस्य | श्याम कृष्ण पाण्डे | २००० |
| ५२७ | वडा सदस्य | अप्सरा न्यौपाने | २००० |
| १५ | वडा अध्यक्ष | हरिहर उप्रेति | १०००० |
| १५ | वडा अध्यक्ष | अर्जुन बहादुर बोहोरा | १०००० |
| १५ | वडा सदस्य | वृन्दा राना | १०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td>६५०००</td></tr></table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बढी भुक्तानी<br>null</td><td>२०,४००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बोलपत्र खोलेको बैठक भत्ता भुक्तानी<br><br>अर्थ मन्त्रालयको कार्य सन्चालन निर्देशिका२०७५ मा कार्यालय समयमा बसेको बैठक भत्ता नपाउने उल्लेख छ। पालिकाले भौ नं १७९।२०७८।०६।१८ बाट बोलपत्र खोल्दाको बैठक भत्ता रु ३६०००। भुक्तानी गरेकोले बोलपत्र कार्यालय समयमा खोलिने भएकोले कार्यालय समयमा खोलेको बैठक भत्ता भुक्तानी गरेको असुल हुनुपर्ने रु</td><td>३६,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>पदाधिकारी लाई दोहोरो संचार भत्ता भुक्तानी<br><br>गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को दफा ५ मा पदाधिकारी तथा सदस्यले अनुसुची बमोजिमको सञ्चार बापत सुविधा पाउने उल्लेख गरे बमोजिम मासिक रुपमा सञ्चार टेलिफोन तथा संचार भत्ता भुक्तानी दिएको छ। पालिकाले देहायको पदाधिकारी हरुलाई सञ्चार भत्ता भुक्तानि गरेकोले दोहोरो सञ्चार भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु<table><tr><td>भौ नं</td><td>पद</td><td>नाम</td><td>कर कट्टी पछिको रकम</td></tr><tr><td>५२७</td><td>वडा अध्यक्ष ९</td><td>मिन बहादुर गुरुङ्ग</td><td>४०००</td></tr><tr><td>५२७</td><td>वडा सदस्य</td><td>कृष्णराज धमनिया</td><td>२०००</td></tr><tr><td>५२७</td><td>वडा सदस्य</td><td>उमा श्रेष्ठ</td><td>२०००</td></tr></table></td><td>१४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५२७</td><td>वडा सदस्य</td><td>सर्मिला वि क</td><td>२०००</td></tr>
<tr><td>५२७</td><td>वडा सदस्य</td><td>श्याम कृष्ण पाण्डे</td><td>२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कर कट्टी गरेको रकम दाखिला नगरेको<br><br>आयकर ऐन२०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ। तर पालिकाले विभिन्न सप्लायर्स हरुलाई भुक्तानी गर्दा कट्टी गरेको कर दाखिला नगरेको पाइयो। पालिकाले कट्टी गरेको रु ७८३१८। दाखिला गर्ने बाँकि रहेकोले छ। पालिकाले अग्रिम आयकर कट्टी गरेको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु</td><td>७८,३१८</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>अध्यायन अवलोकन भ्रमण खर्च<br><br>अध्यायन अवलोकन भ्रमणमा देखिएको व्यहोरा<br>भौ नं २६१ बाट ४ दिनको लागि १३ जनालाई अनुगमन अवलोकन भ्रमणमा रु १८००००। खर्च गरेको छ। गाडिभाडा बापत रु ३८८९० खर्च भएको र भ्रमण खर्च नियमावली २०६४ अनुसार दैनिक भ्रमण भत्ता अनुसार रु ६८८५० गरि रु १०७७४०। खर्च भएकोमा बढी भुक्तानी भएको रु ७२२६०।<br>भौ नं ४२८ बाट कर्मचारी तथा पदाधिकारीको १९ जनाको ५ दिनको अवलोकन भ्रमणको लागि भ्रमण खर्च नियमावली २०६४ अनुसार दैनिक भ्रमण भत्ता रु १०३७००। भुक्तानी गरेकोमा कार्यालयले खाना खाजा वास तथा अन्य विल को समेत भुक्तानी दिएकोले यातायात खर्च रु १५००००। र दैनिक भ्रमण भत्ता गरि जम्मा रु २५३७००। भुक्तानी हुनपर्नेमा रु ३५०१९९। टोपादेवि दुरा लाई भुक्तानी दिएकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु ९६४९९।</td><td>१६८,७५९</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>आयकर ऐन २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्ढन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्ढन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायको कर्मचारीहरुको आयमा कर कट्टी कम</td><td>१५,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेकोले कम कट्टी गरेको रकम असुल गर्नुपर्ने रु .. १५६००
<table>
<tr><td>नाम</td><td>बार्षिक आय</td><td>करयोग्य आय</td><td>लाग्ने कर</td><td>तिरेको कर</td><td>तिर्नुपर्ने बाकी कर</td></tr>
<tr><td>उमेश भगत</td><td>७२५०८०</td><td>६२०४८८</td><td>२८५९८</td><td>२१४५८</td><td>७०००</td></tr>
<tr><td>एश्वर्य चन्द्र भट्टराई</td><td>६७३२४९</td><td>६०९४४१</td><td>२६३८८</td><td>२०४४४</td><td>५९००</td></tr>
<tr><td>सुनिल पाण्डे</td><td>६९०५२६</td><td>५७७१२३</td><td>१९९२४</td><td>१७२१२</td><td>२७००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१५६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td>162</td><td>२०७९-३-२३</td><td>जैविक विविधता संरक्षण कार्यक्रम<br><br>अनुदान रकमको जुन कामको लागि उपलब्ध गराइएको हो सोही काममा खर्च गरी उक्त खर्चको प्रगति विवरण समेत पेश गर्नुपर्दछ। पालिकाले रैथाने बाली संरक्षण गर्नको लागि जैविक विविधता संरक्षण समिति भानु ९ लाई रु ५९०१७५ अनुदान उपलब्ध गराएकोमा उक्त अनुदान रकमको कार्यक्रम गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>५९०,१७५</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सहकारी संस्थालाई अनुदान<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ख) मा गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत सहकारी संस्थाको बारेमा व्यवस्था गरिएको छ। उक्त व्यवस्था अनुसार नगरपालिकाले सहकारी संस्थाको दर्ता खारेजी नियमन तथा नीति कानुन मापदण्ड बनाई लागु गराउन सक्ने व्यवस्था गरिएको छ। पालिकाले यो वर्ष सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा गाई पाकेट कार्यक्रम सञ्चालन गर्नको लागि देहाए बमोजिम खर्च गरेको छ। सहकारी संस्थामा ठुलो सरकारी लगानी भएतापनि पालिकामा सहकारी संस्थाले नविकरण लगायतका कुनै पनि राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने । यो वर्ष सहकारी संस्थामा खर्च गरेको रकम निम्नानुसार रहेको छः
<table>
<tr><th>सहकारी संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>कालिका दुग्ध सहकारी संस्था</td><td>७०००००</td></tr>
</table></td><td>१,१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सफल कृषि सहकारी संस्था ४०००००; **जम्मा** **११०००००** | |
| ४७ | | | **कन्टिन्जेन्सी रकम बढी भुक्तानी** | ८५,९५९ |

| | |
|---|---|
| सफल कृषि सहकारी संस्था | ४००००० |
| **जम्मा** | **११०००००** |

**कन्टिन्जेन्सी रकम बढी भुक्तानी**

निर्माण कार्यकव लागि कन्टिन्जेन्सी रकम घटाएर मात्र भुक्तानी गर्नुपर्दछ। वडा नं १ मा नर्सरी निर्माण गर्नको लागि प्रति नर्सरीको लागि रु ३००००० मा १० प्रतिशतले किसानको रु २०००० घटाई रु २८०००० मा ३ प्रतिशत कन्टिन्जेन्सी घटाई रु २७१६०० र अग्रिम कर वापत रु ४२०० घटाई बाँकी रु २६७४०० का दरले भुक्तानी गर्नुपर्नेमा कन्टिन्जेन्सी रकम किसानलाई नै भुक्तानी गरेकोले उक्त कन्टिन्जेन्सी रकम निम्न लेखिए अनुसार गो भौ न तथा मितिबाट भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| **गो.भौ.नं/मिति** | **व्यक्ति तथा फर्मको नाम** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी** |
|---|---|---|---|---|
| ५/२०७८।०५।०२ | आस्था एण्ड कृषि फर्म | २६७४०० | २७६०२१ | ८६२१ |
| | किसान एकीकृत कृषि फर्म | २६७४०० | २७६०२१ | ८६२१ |
| | राम बहादुर अधिकारी | २६७४०० | २७६०२१ | ८६२१ |
| | ज्ञान बहादुर अधिकारी | २६७४०० | २७६०२१ | ८६२१ |
| | रिना गुरुङ्ग | २६७४०० | २७६०२१ | ८६२१ |
| | तुलसी प्रसाद लौडरी | २६७४०० | २७६०२१ | ८६२१ |
| ६/२०७८।०५।०२ | ए एस कृषि तथा पशु फर्म | २६७४०० | २७६०२१ | ८६२१ |
| | आगामी एग्रिकल्चर सप्लायर्स | २८७४०० | २९५७७० | ८३७० |
| | प्रमशा कृषि सहकारी | २६७४०० | २७६०२१ | ८६२१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>संस्था</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>मायादेवी तामाङ्ग</td><td>२६७४००</td><td>२७६०२१</td><td>८६२१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६९४०००</td><td>२७७९९५९</td><td>८५९५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td>7</td><td>२०७८-९-१९</td><td>अग्रिम करकट्टी नभएको<br><br>आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कुखुराको ४९९४ चल्ला खरिद गरी रु ३९९५२० ल्याएकोमा अग्रिम कर वापत रु ५९९३ कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु ६०० मात्र कर कट्टी गरेकोले नपुग कर असुल गर्नुपर्ने रु</td><td>५,३९३</td></tr>
<tr><td>४९</td><td>8</td><td>२०७८-९-२५</td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम म्यानुअल बमोजिम नभएको<br><br>नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालयको २०७७।०६।०१ को निर्णय अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री विउ विरुवा खरिदको लागि ५०।५० प्रतिशतले योगदान गर्नुपर्ने उल्लेख छ। तर पालिकाले श्रेष्ठ एग्रो कन्सर्नबाट प्याज मुला गाजर धनिया रायो काउली बन्दा जस्ता विउ खरिद गरी रु ९५००० भुक्तानी गरेकोमा उक्त रकम मध्ये ५०% ले रु ४७५०० ले खर्च लेख्नुपर्नेमा १००% नै अनुदान दिएकोले कार्यान्वयन म्यानुअलमा भएको व्यवस्था कार्यान्वयन नभएको रु</td><td>४७,५००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अनुदान वितरण<br><br>सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवम् समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण तथा अनुगमन गर्नुपर्दछ। र सो रकमको प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरि वितरण गर्नुपर्दछ। पालिकाले यो वर्ष सञ्चालित कृषि तथा पशु कार्यक्रमको स्थिती देहाएअनुसार छनः
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२/२०७८।०५।०१</td><td>मासुपसल सुधार – वडा नं ५ का विभिन्न ४</td><td>१५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| | व्यक्तिहरुलाई | |
| ४/२०७८।०५।०१ | माछापोखरी निर्माण – भानु वडा नं १,४,५,७,९,११ र १३ का १४ जनालाई | ४००००० |
| ५,६/२०७८।०५।०२ | विभिन्न व्यक्ति संस्था – वडा नं १ का ४ व्यक्ति र ६ सप्लायर्स | १६८०००० |
| ७/२०७८।०९।१९ | कुखुरा चल्ला वितरण – भानु १ देखि १३ सम्म | १९९१६० |
| १६/२०७९।०३।२५ | मिनिटिलर वितरण – भानु १ देखि १३ सम्म | ९३६००० |
| ९५/२०७८।१२।१६ | च्याउखेति – विभिन्न वडाका विभिन्न समुह संस्थालाई | ३३१५०० |
| १६९/२०७९।०३।२४ | कृषि पकेट कार्यक्रम – कृषि सामाग्री, मिनिटिलर, पानी ट्याङ्क १२ पिस र पलाष्टिक टनेल समेत | ३५१७०८ |
| १४६/२०७९।०३।२१ | तरकारी पकेट कार्यक्रम – कालिका कृषक समुह | ७९७३१६ |
| १४७/२०७९।०३।२१ | अदुवा तथा हलेदो खेती – बागेश्वर बहुउद्येश्यीय कृषि सहकारी | ११९७९९१ |
| १७०/२०७९।०३।२४ | धान खेती कार्यक्रम – देउराली कृषक समुह | ४९०६७५ |
| १४८/२०७९।०३।२१ | कृषि सामाग्री – पौरखी कृषक समुह | ३५४८७० |
| १६२/२०७९।०३।२३ | रैथाने बाली – जैविक विविधता संरक्षण समिति | ५९०१७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८२/२०७९।०३।२५</td><td>धान खेती – भानु सहकारी संस्था</td><td>४०९५६६</td></tr>
<tr><td></td><td>गाई पाकेट कार्यक्रम – कालिका दुग्ध सहकारी संस्था</td><td>७०००००</td></tr>
<tr><td></td><td>गाई पाकेट कार्यक्रम – सफल कृषि सहकारी संस्था</td><td>३९९९९९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७८८८९६१</td></tr>
</table>
<br>यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छनः
<br>· अनुदान राजश्वको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी भएको छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको देखिँदैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।अनुगमन प्रणाली प्रभावकारी बनाई दोहोरो/संघ प्रदेश तथा स्थानीय तहमा परेको नपरेको यकिन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।
<br>· कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि विमा, पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि तथा पशु क्षेत्रमा अनुदान उपलब्ध गराएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ ध्यान नदिई अनुदानका कार्यक्रम सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सहयोग गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।
<br>· अनुदानमा ठुलो रकम खर्च गरेकोमा जग्गाको स्वामित्व यकिन गरेको छैन। जग्गाको स्वामित्व यकिन नगरी अनुदान दिँदा अनुदान वास्तविक क्षेत्रमा खर्च भई सही सदुपयोग भयो भन्न सक्ने अवस्था देखिदैँन। किसान समुह तथा सहकारी संस्थाले खरिद गरेको बिलको आधारमा वितरण भएको र उक्त खरिद गरिएका सामानहरुको प्राविधिक मूल्याङ्कन नगरी भुक्तानी गर्नाले सही सदुपयोग नहुन सक्छ।
<br>· पालिकाले एकै प्रकृतिका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद नगरी उपभोक्ताका बिलका आधारमा अनुदान उपलब्ध गराइएको देखिन्छ। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड तयार नगरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद नगरी सोझै खरिद गर्ने गरिएको छ। अनुदान उपलब्ध गराउँदा निश्चित मापदण्ड र कार्यविधि तयार गरी प्रतिस्पर्धात्मक तवरले समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>५१</td><td>5</td><td>२०७८-८-१८</td><td>बढी दररेट राखि खरिद
<br><br>स्वीकृत जिल्ला दररेट अनुसार खरिद गर्नु पर्दछ। स्वीकृत जिल्ला दररेट अनुसार जै घासको रु ६० का दरले ३५०० के जी को रु ६० का</td><td>२४५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दरले रु २१०००० मा खरिद गर्नुपर्नेमा ३५०० के जी को रु १३० का दरले रु ४५५००० मा खरिद गरी ज्येष्ठ एग्रो कन्सर्न आबु खैरेनीलाई भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने | |
| ५२ | | | **बढी भुक्तानी**<br><br>नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालयको २०७७।०६।०१ को निर्णय अनुसार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन म्यानुयलको परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री बिउ, विरुवा, पशु नश्ल सम्बन्धी आदी जस्ता कार्यक्रममा ५०।५० प्रतिशतले योगदान गर्नुपर्ने उल्लेख छ। पालिकाबाट सोही अनुसारका कार्यक्रम सञ्चालन गरेकोमा ५० प्रतिशत दुवैको योगदान हुनुपर्ने उल्लेख भएकोमा पालिकाले बढी योगदान गरेकोले बढी भुक्तानी भएको रु ६३१७१४। | ६३१,७१४ |

| गो.भौ.नं/मिति | कार्यक्रम | भुक्तानी भएको समुह | रकम | ५०% भुक्तानी | भुक्तानी गरेको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४७/२०७९।०३।२१ | हलेदो तथा अदुवा खेतीको लागि कृषि सामाग्री तथा विउ खरिद | नागेश्वर बहुउद्येश्यीय कृषि सहकारी संस्था | १८४६२७६ | ९२३१३८ | ११९७९९१ | २७४८५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४८/२०७९।०३।२१</td><td>कोदोको विउ कृषि सम्बन्धी कम्वाइन मिल मिनिलिटर तथा थ्रेसर मिल</td><td>पौरखी कृषक समुह</td><td>६२४०००</td><td>३१२०००</td><td>३५४८७०</td><td>४२८७०</td></tr>
<tr><td>१६९/२०७९।०३।२४</td><td>कृषि सामाग्री तथा विउ खरिद</td><td>हराभरा कृषक समुह</td><td>४३५४३४</td><td>२१७७१७</td><td>३५१७०८</td><td>१३३९९१</td></tr>
<tr><td>१८२/२०७९।०३।२५</td><td>धानबालीको लागि धानको विउ,विषादी, मिनिटिलर खरिद</td><td>भानु सहकारी संस्था</td><td>४५८८५०</td><td>२२९४२५</td><td>४०९४२५</td><td>१८००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३३६४५६०</td><td>१६८२२८०</td><td>२३१३९९४</td><td>६३१७१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>भरपाई पेश नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार बिल भरपाई सहित लेखा राख्नुपर्दछ। पालिकाले मिनि टिलर प्रति १ को रु ७२००० का दरले ९ वटाको रु ९३६००० माइ कृषि मेशिनरी पोखराबाट खरिद गरी विभिन्न वडामा १।१ सेट वितरण गरेको भनी उल्लेख गरेकोमा वितरण गरेको भरपाई संलग्न नरहेको</td><td>९३६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **सोझै औषधि खरिद**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने अवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(बाहौँ संसोधन) अनुसार रु ५ लाख देखि माथिका मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाएअनुसारका सप्लायर्सबाट सोझै औषधि खरिद गरेको छः | |

| गो.भौ.नं./मिति | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| ४/२०७८\|०८\|१८ | मध्य नेपाल भेट फर्मा प्रा.ली. | ४९९४३० |
| १०/२०७८\|११\|०५ | मित्रवान भेट फर्मा, चितवन | २९९८१२ |
| १४/२०७९\|०३\|२२ | मध्य नेपाल सामुहिक भेट फर्मा | ४९९७० |
| ५९/२०७८\|०९\|२१ | विश्वास मेडिकल हल | ६१६०० |
| | रमास मेडिसिन स्वास्थ्य सप्लायर्स | २९७७४५ |
| १५३/२०७९\|०३\|२१ | चिराग फार्मेसी | ५३७६०६ |
| १७८/२०७९\|०३\|२५ | क्याण्डेला मेडि कन्सर्न | १२५३०० |
| १८०/२०७९\|०३\|२५ | क्याण्डेला मेडि कन्सर्न | ६७४०१४ |
| | सुवेशु मेडिसिन सप्लायर्स | ६१८३३६ |
| | योजन मेडिसेल्स | १६२००० |
| | भिमदेवी मेडिसिन | २५५३८० |
| १८१/२०७९\|०३\|२५ | रमास मेडिसिन | १९७९६४ |
| | विश्वास मेडिसिन | ९८८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३७७९०५७</td></tr></table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अनुगमन भत्ता<br><br>सार्वजनिक निकायले खर्च गर्दा मितव्ययी किसिमले गर्नुपर्दछ। पालिकाले कार्यरत विभिन्न पदाधिकारी तथा कर्मचारीलाई विभिन्न योजना अनुगमन भत्ता वितरण गरेको देखिन्छ। पालिकाले योजना अनुगमन गर्न नगर उपप्रमुखको नेतृत्वमा छुट्टै अनुगमन समिति हुने र सो समिति मार्फत अनुगमन मूल्याङ्कनका कार्य गर्नुपर्नेमा विभिन्न कर्मचारीलाई अनुगमन भत्ता उपलब्ध गराएको देखिन्छ। कर्मचारीलाई अनुगमन भत्ता उपलब्ध गराउने कानूनी व्यवस्था नभएकोले नियम सम्मत नदेखिएको रु ६४३०००।<table>
<tr><th>गो.भौ.नं/ मिति</th><th>अनुगमन गरिएको</th><th>रकम</th></tr>
<tr><td>२/२०७८।०६।१७</td><td>वडा नं ७,९,१० र ११ मा विभिन्न कर्मचारीहरुद्धारा कृषि कार्यक्रम अनुगमन</td><td>१५००००</td></tr>
<tr><td>३/२०७८।०८।१४</td><td>विभिन्न कर्मचारी</td><td>६५०००</td></tr>
<tr><td>१५/२०७९।०३।२५</td><td>कृषि कार्यक्रम अनुगमन</td><td>१६००००</td></tr>
<tr><td>१७६/२०७९।०३।१४</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम अनुगमन</td><td>१३००००</td></tr>
<tr><td>१७७/२०७९।०३।२५</td><td>विभिन्न कर्मचारी</td><td>१३८०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६४३०००</td></tr>
</table></td><td>६४३,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च<br><br>करारका कर्मचारीलाई करार सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा तलब पारिश्रमिक शिर्षकबाट रु ११५३३१४५। खर्च लेखेकोले एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु</td><td>११,५३३,१४५</td></tr>
<tr><td>५७</td><td>73</td><td>२०७८-११-५</td><td>प्रयोजन बेगर खर्च</td><td>११८,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा स्पष्ट बिल भरपाई सहित पेश गर्नुपर्ने हुन्छ। पालिकाले स्वस्तिका विन्दु इम्पेक्सबाट १२ जोर जुत्ताको रु ६००००, रेनकोट १२ जोरको रु ३१८००, झोला १२ जोरको रु २७००० समेत रु ११८८०० खर्च गरेकोले कुन प्रयोजन भन्ने नखुलाई के कति कस्लाई वितरण भयो नखुलाई खर्च गरेको रु</td><td></td></tr>
<tr><td>५८</td><td>160</td><td>२०७९-३-२३</td><td>ढुवानी कर कट्टा नगरेको<br><br>आयकर ऐन २०५८ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशत भाडा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ग १ ज ७०७९ का सवारी धनी उमेश लौडारीलाई सामान ढुवानी गरेवापत रु २५०००। भुक्तानी गर्दा ढुवानी कर वापत रु २५०० कट्टी गर्नुपर्नेमा सो ढुवानी कर कट्टी नगरेको रु</td><td>२,५००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>खर्च बुझाएको भरपाई पेश नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बिल भरपाई सहित लेखा राख्नुपर्दछ। पालिकाबाट देहाए अनुसारका गो.भौ.नं. र मितिबाट देहाए अनुसार कर्मचारीलाई बुझाएको भरपाई संलग्न नरहेकोले उक्त खर्च बुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>व्यक्तिको नाम</th><th>रकम</th></tr>
<tr><td>८०/२०७८।११।११</td><td>ब.अ. सुनिल पाण्डे</td><td>१०५०</td></tr>
<tr><td></td><td>ज.स्वा. शिवराज मिश्र</td><td>१०५०</td></tr>
<tr><td></td><td>लेखापाल अनिल त्रिपाठी</td><td>१०५०</td></tr>
<tr><td></td><td>जितेन्द्र श्रेष्ठ</td><td>५९५</td></tr>
<tr><td>८२/२०७८।११।११</td><td>रिपोर्ट संकलन भेरिफिकेशन गरेको ३२ जना</td><td>५४६००</td></tr>
<tr><td>६७/२०७८।१०।०२</td><td>नि.प्र.प्र.अ. ध्रुवराज पौडेल</td><td>११९०</td></tr>
<tr><td></td><td>ब.अ. सुनिल पाण्डे</td><td>११९०</td></tr>
</table></td><td>६०,७२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>६०७२५</td></tr></table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्येश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत सिढी निर्माण, नाली निर्माण, सडक मर्मत, पार्क मर्मत, पहिरो नियन्त्रण, खेल मैदान मोटरबाटो मर्मत, कुलो मर्मत जस्ता कामका लागि रु ३८३३५८८। खर्च लेखेको देखियो। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी परिचयपत्र वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बेरोजगार व्यक्तिहरुको सूचि तयार गरी प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यमा सहभागी गराउनुपर्नेमा सो गराएको देखिएन। वास्तविक बेरोजगार व्यक्तिले नै रोजगारी पाए भन्ने आधार देखिँदैन।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>बाख्रा पकेट कार्यक्रम<br><br>पालिकाले बाख्रा पकेट कार्यक्रम अन्तर्गत रु ३००००००। लागत अनुमानमा ५०/५० प्रतिशतको साझेदारी हुनेगरि खहरे बाख्रापालन समुहसँग सम्झौता गरेको छ।सम्झौता अनुसार समुहले विभिन्न १४ वटा क्रियाकलापहरु संचालन गर्नुपर्ने उल्लेख छ।विभिन्न १४ वटा क्रियाकलापहरु मध्ये ४ वटा सोलार र १५ वटा सुधारिएको खोर निर्माण गर्ने रहेको छ।यस कार्यक्रम सम्वद्ध फाँटवारी परिक्षण गर्दा समुहले प्रति गोटा रु ६५००० को दरले ४ वटा सोलार खरिद गर्नुपर्नेमा रु ६७८०० को दरले १ वटा र प्रति खोर ७५००० को दरले १५ कृषकले खोर निर्माण गर्नुपर्नेमा १४ कृषकले मात्र खोर निर्माण गरेको देखिन्छ। समुहले सम्झौता भन्दा घटि परिमाण कार्यसम्पन्न गरेको अवस्थामा समेत पालिकाले सम्झौता अनुसारकै ५० प्रतिशतले हुने रु १५०००००। भौ नं १९५ मिति २०७९।०३।२५ बाट भुक्तानी दिएको छ।यसरी सम्पादन नभएको १ वटा खोरको रु ७५००० र ३ वटा सोलारको रु १९५००० गरी रु २७०००० मध्ये पालिकाको योगदानको अंश रु १३५००० समुहलाई बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु<table><tr><th>क्रियाकलाप</th><th>परिमाण</th><th>दर</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न परिमाण</th><th>कार्यसम्पन्न रकम</th><th>बढि भुक्तानी</th><th>समुहको अंश</th><th>पालिका अनुदान</th></tr><tr><td>सोलार खरिद</td><td>४ वटा</td><td>६५०००</td><td>२६००००</td><td>१ वटा</td><td>६७८००</td><td>१९५०००</td><td>९७५००</td><td>९७५००</td></tr></table></td><td>१३५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खोर निर्माण</td><td>१५ वटा</td><td>७५०००</td><td>११२५०००</td><td>१४ वटा</td><td>१०५००००</td><td>७५०००</td><td>३७५००</td><td>३७५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२७००००</td><td>१३५०००</td><td>१३५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अधुरो योजना<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा निर्माण व्यवसायीको ढीलाईको कारण समयमा काम सम्पन्न नभएमा पुर्वनिर्धारित क्षतिपुर्ति लिने र नियम १२८ मा खरिद सम्झौताको अन्त गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० तथा निर्माण सेवा सँग भएको खरिद सम्झौतामा सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति उत्पन्न हुनु पर्ने एवं समयमा कार्य सम्पन्न गर्ने प्रयास गरेको हुनुपर्ने, २१ दिन अगाडी म्याद थप को निवेदन दिनुपर्ने व्यवस्था छ। निर्धारित समयभित्र काम सम्पन्न नगरेमा खरिद संझौता अन्त्य गर्ने गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ। यस कार्यालयले भिसि शेर बहादुर मोटर मार्ग निर्माण कार्यको निर्माण व्यवसायी खडकदेवी कन्स्ट्रक्सन प्रा लि सँग रु ११६९४१८९।६९ को मिति २०७६।४।११ मिति २०७७।०२।२५ भित्र निर्माण सम्पन्न गर्नेगरि सम्झौता गरेकोमा हालसम्म रु २००००००। भुक्तानी भई बाँकि निर्माण कार्य ठप्प रहि योजना अधुरो रहेको छ।हालसम्म सम्झौता मध्ये प्लम्ब ड्रेनको ६० प्रतिशत, माटोको काम १०० प्रतिशत, ग्याविनको काम १०० प्रतिशत सम्पादन भई सवग्रेड, सववेस, वेस र प्रिमिक्सको काम बाँकि रहेको छ।यस वर्षको लेखापरीक्षण अवधीसम्म यस अधि पटक पटक म्याद थप भएको अवधी व्यतित हुनुका साथै निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद मिति २०७९।०२।३० मा समाप्त भईसकेको छ। उक्त अधुरो कार्यको सम्बन्धमा सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताका शर्त बमोजिम आवश्यक कारबाही गरि निर्माण कार्य सम्पन्न हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>कालीमाटी अस्पताल निर्माण योजना<br><br>पालिकाले कालीमाटी अस्पताल निर्माण योजना (ठेक्का नं NCB/BLDG/2077/78/15) निर्माण व्यवसायी किरातेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनीसँग रु ७३४०३१७४।७० वरावरको सम्झौता गरेको छ।कार्यालय र निर्माण व्यवसायी विचको भएको मिति २०७८।०३।२२ को निर्माण सम्झौता अनुसार मिति २०७८।०९।२० सम्म निर्माण सम्पन्न गर्नुपर्ने रहेको छ।निर्माणस्थल विवादका कारण हालसम्म उक्त निर्माण योजनामा शुन्य वित्तिय तथा भौतिक प्रगति रहेको छ।कार्यालयले ठेक्का पट्टा चरण पुर्व सम्पन्न गर्नु पर्ने कार्य नगरी नगराई तथा निर्माण स्थलमा पर्ने जग्गा, संरचनाको मु अब्जा, ड्रईङ्ग एण्ड डिजाईन, क्षतिपुर्ति लगायतका कार्य नगराई हतारमा वोलपत्र आवहानएंव स्वीकृति गरी कार्य कार्यान्वयनमा जाँदा निर्माणस्थलको विवाद रहि प्रगति हुन सकेको छैन।</td><td>७,७८१,१९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ५२ मा सार्वजनिक निकायले खरिद संझौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सझौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिने तथा नियमावलीको नियम ११३ मा पेश्की भुक्तानी र फछ्यौट सम्बन्धी व्यवस्था गरेको छ।कार्यालयले निर्माण व्यवसायीलाई भौ नं २२० मिति २०७८।०५।०९ बाट रु ७१४५०००। पेश्कि भुक्तानी गरेको छ। निर्माणस्थल विवाद भई शुन्य प्रगती भएको अवस्थामा पेश्की भुक्तानीदेखी लेखापरीक्षण अवधिलाई आधार मान्दा निर्माण व्यवसायीलाई पश्की भुक्तानी भएको १८ महिना भएको छ। ३६५ दिनलाई वर्ष दिन मान्दा वर्षान्त सम्म पेश्की दिएको अवधीबाट ३२५ दिन निर्माण कार्य प्रारम्भ नभई व्यतित भएको छ।यसर्थ भुक्तानी भएको पेश्की रकम रु ७१४५०००। मा वार्षिक १० प्रतिशतले ३२५ दिनको हुने व्याज रु ६३६१९८ सहित रु ७७८११९८ असुल गर्नुपर्ने रु | |
| ६४ | | | **नगर अस्पताल ट्रमा सेन्टर**<br><br>कालीमाटी हस्पिटल ट्रमासेन्टरको स्थापनाका लागि जनरल एक्सेरे मेशिन , पोर्टेवल कलर डोपर मेशिन, सिआर वा काष्टल, अक्शिजन कन्सेन्टेटर, प्यासेन्ट मनिटरको रु ४५९२०००। तथा फर्निचरतथा कोठा मर्मत संभार तथा निर्माणको रु ४०००००। सहितको लागत अनुमान रु ४९९२०००।भएको मध्ये मेशिनरी औजार उपकरण खरिद कार्यको लागि पपुलर कनेक्सन नेपाल प्रा लि सँग मिति २०७७।१२।१ मा संझौता गरी रु ४२६५७७५०। को सामान खरिद गरको देखिन्छ। पालिकाले आपूर्तिकर्ताबाट २०७८ वैशाखमा नगर अस्पताललाई सामाग्री हस्तान्नतरण पश्चात सामाग्री वापतको रकम रु ४२६५७७५०। मध्ये ६० प्रतिशतले हुने रु २५५९४५०। आपूर्तिकर्तालाई आ व २०७७।०७८ मा भुक्तानी गरेको छ भने बाँकि रु १७०६०००। यस आर्थिक वर्ष भौ नं २०२ मिति २०७८।०५।०२ बाट भुक्तानी गरेको छ।यस सम्वन्धी देखिएका व्यहोराहरु:<br>खरिद सम्झौता अनुसार जनरल एक्सेरे मेशिन, प्रोटेवल कलर डोपर मेशिन, सिआर वा काष्टल, अक्शिजन कन्सेन्टेटर, प्यासेन्ट मनिटर जस्ता रु४२६५७७५०। वरावरको सामाग्री लागत अनुमानमा उल्लेखित स्पेशिफिकेसन तथा सम्झौताको शर्त अनुसार भए नभएकोएकिन हुनेगरि सम्वन्धित विज्ञ तथा प्राविधिकबाट निरीक्षण एवं जाचपाँस गराई भुक्तानी गर्नुपर्नेमा निरिक्षण एवं ईन्स्टलेसन प्रतिवेदन संलग्न नभएबाट निरीक्षण एवं जाचपास भएको हो भन्ने विश्वस्त हुने आधार देखिदैन।<br>पालिका र आपूर्तिकर्ता पपुलर कनेक्सन प्रा लि बिचको खरिद सम्झौताको दफा १० अनुसारखरिद गरिएका स्वास्थ्य उपकरणको २ वर्ष वारेन्टी हुने र दफा ११ अनुसार वारेन्टी अवधिभित्र आपूर्तिकर्ताले नियमित मर्मत सम्भारका साथै विग्रेमा वा डिस्फङ्सनल भएमा सम्भार गर्नुपर्ने उल्लेख छ। मिति २०७९।०३।४ मा सम्वन्धीत विज्ञ तथा प्राविधिकबाट भएको ईन्स्पेक्सन तथा ईन्स्टलेसन प्रतिवेदन अनुसार पालिकाले रु ८९८३५०। मा खरिद गरेको एक्सरे मेशिन डिस्फङ्सनल रहेकोले मर्मत गर्नु भन्दा नयाँ खरिद गर्न उपयुक्त हुने सिफारिस गरेको छ।यसबाट खरिद गरिएको एक्सरे मेसिन निर्धारित गुणस्तरयुक्त नरेहेको देखिन्छ।खरिद गरिएको सामाग्री २०७८ वैशाखमा जिन्सी दाखिला भएबाट उक्त सामाग्रीको २०७८ वैशाखसम्म वारेन्टी अवधि रहेको देखिन्छ।कार्यालयले सम्झौताको शर्त अनुसार सम्वन्धित कर्मचारी तथा आपूर्तिकर्तालाई जिम्मेवार वनाई वारेन्टी मान्य अवधिभित्र एक्सरे मेसिनको प्रयोग तथा संचालन सुनिश्चित गर्नुपर्ने रु | ८९८,३५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **वैदेशिक रोजगार प्रोफाईल निर्माण** | |
| ६५.१ | | | वैदेशिक रोजगार प्रोफाईल निर्माण सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल बमोजिम रहेका छन: <br> कार्यालयले सुरक्षित आप्रसान परियोजनामा रु ६०००००। बजेट विनियोजन गरेकोमा विनियोजित रकम वरावर आप्रवासी पाश्वचित्र निर्माणका लागि ग्रामिण सशक्तिकरण समाज तनुहुँसँग सम्झौता गरेको छ।कार्यालयल र परामर्शदाताविच भएको सम्झौता अनुसार सम्झौता रकमको ४० प्रतिशत सम्झौता पश्चात र बाँकि ६० प्रतिशत कार्यसम्पन्न पश्चात उपलब्ध गराउने उल्लेख छ।कार्यालयले सम्झौता शर्त विपरित भौ नं ४४ मिति २०७८।१०।११ बाट कार्यसम्पन्न नहुदै रु ५१३७४९। परामर्शदातालाई भुक्तानी गरेको छ।पालिकाको नीति निर्माण तथा बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोगी हुनसक्ने वैदेशिक रोजगार प्रोफाईल सम्वन्धी प्रोफाईलको अन्तिम प्रतिवेदन परामर्शदाताबाट लेखापरीक्षण अवधीसम्म प्राप्त गरेको छैन।अत: सम्झौता अनुसार परामर्शदातावाट वैदेशिक प्रोफाईल निर्माण गराई अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५१३,७४९ |
| ६५.२ | | | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।यस कार्यालयले ग्रामिण सशक्तिकरण समाज तनहुँलाई मूल्य अभिवृद्धि कर रु ५१३७९ सहित रु ५१३७४९। भुक्तानी गरेकोमा ३० प्रतिशत मूल्य अभिवृद्धि कर वरावर रु १५४१४ कट्टागरि भुक्तानी गर्नुपर्नेमा शतप्रतिशत भुक्तानी गरेकोले भुक्तानी मूल्य अभिवृद्धि कर रु ५१३७९। को मू अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५१,३७९ |
| ६५.३ | | | परामर्शदाता ग्रामिण सशक्तिकरण समाज तनहुँले पेश गरेको विल भरपाई लगायतको फाँटवारी परीक्षण गर्दा तथ्याङ्क संकलनका लागि नियुक्त गणकलाई पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु ३७१८। र विभिन्न प्रशिक्षक लगायतलाई भुक्तानी भएको पारिश्रमिकको पारिश्रकिक कर वापत रु ६०० कट्टा गरिएको स्रेस्ता पेश भएता पनि कट्टा गरिएको कर दाखिला गरेको भौचर संलग्न छैन।यसर्थ कट्टा गरिएको कर रकम राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४,३१८ |
| ६६ | | | **म्याद थप** <br><br> सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनु पर्ने र त्यस्तो निवेदन प्राप्त भए पछि निवेदकको उल्लेखित कारण मनासिव देखिएमा शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधि | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्मको म्याद थप बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत अवधि सम्मको म्याद थप गर्नु पर्ने भएमा विभागीय प्रमुखले थप गर्न सक्ने साथै उल्लेखित अवधि भन्दा बढी अवधिको म्याद थप गर्नु पर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने उल्लेख छ । तर उक्त म्याद थप सम्बन्धि सम्पुर्ण निर्णय सम्झौता अवधिभित्र गरि सक्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा उल्लेख छ ।यस पालिकाले विभिन्न निर्माण व्यवसायीसँग सम्झौतागरि निर्माणाधिन अवस्थामा रहेका विभिन्न निर्माण योजना शुरु सम्झौता अवधिभित्र निर्माण सम्पन्न हुन नसकि कार्यालयले म्याद थप गरेको छ र वर्षान्तसम्म वित्तिय प्रगति समेत सन्तोषजनक देखिदैन।यसरी तोकिए बमोजिमको कार्यतालिका अनुसार कार्यसम्पन्न नहुनु तथा पटक पटक म्याद थप भएबाट कार्यालयको समग्र ठेक्का व्यवस्थापन प्रभावकारी नभएको देखिन्छ।कार्यालयले आवश्यकता र औचित्यताको विश्लेषणगरि म्याद थप गर्नुपर्दछ रसमयमा काम नगर्ने लाइ पटक पटक म्याद थप गरिरहनु उचित देखिएन। समयमा काम सम्पन्न नगरे खरिद संझौता अन्त्य गर्ने गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ। अत: निर्माण व्यवसायीसँग सम्झौतामा उल्लेखित कार्य तालिका तथा सम्झौताको शर्त बमोजिम समयमै कार्यसम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।केहि व्यहोरा:
<table>
<tr><th>क्र सं</th><th>निर्माण योजना</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता रकम</th><th>अवधी</th><th>म्याद थप</th><th>भुक्तानी रकम</th><th>वित्तिय प्रगती</th></tr>
<tr><td>१</td><td>भानु जन्मस्थल मार्ग स्तरोन्नती (BHMUN/NCB /ROAD/2077/078/06)</td><td>कश्यप निर्माण सेवा</td><td>१७७४७९७३।०५</td><td>२०७८।०१।१०-२०७९।०१।०९</td><td>२०७९।०९।३०</td><td>९२९६०८५।६५</td><td>५२ %</td></tr>
<tr><td>२</td><td>राताामाटा वडा कार्यालय राईपाली सडक (BHMUN/NCB /ROAD/2077/078/05)</td><td>कश्यम निर्माण सेवा</td><td>१८३१५३२४।८२</td><td>२०७८।०१।१०-२०७९।०१।०९</td><td>२०७९।०९।३०</td><td>८२२४५२६।४५</td><td>४४ %</td></tr>
<tr><td>३</td><td>कालीमाटी मानेचौका कुन्छा सडक</td><td>कश्यम निर्माण सेवा</td><td>११७५५२५७</td><td>२०७८।०१।१०-२०७९।०१।०९</td><td>२०७९।०९।३०</td><td>३४०९६१०।७५</td><td>२९ %</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>ढीला गरी भुक्तानी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (३) मा कुनै कार्यको भुक्तानी गर्दा रीत पुर्वक कागजात प्राप्त भएको मितिले १५ दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने र समयमा भुक्तानी नगरेमा ऐनको दफा ५७ वमोजिम भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पचास हजार रुपैयासम्म जरिवाना गर्ने उल्लेख छ । कार्यालयले देहायका काम समयमा भएको जनाइ नापी पहिल्यै तयार गरिसकेको उल्लेख गरेको तर भुक्तानी ढिला गरी दिएको छ। निर्धारित समयभित्र काम सम्पन्न गरेको अवस्थामा समयमा नै भुक्तानी दिनुपर्ने अन्यथा समयमा काम नगरेमा पुर्व निर्धारित क्षतिपुर्ति लगाइ जहिले काम सम्पन्न हुन्छ त्यही समयमा भुक्तानी दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>निर्माण योजना</th><th>विल</th><th>फर्मको नाम</th><th>नापीमा अनुसार काम भएको मिति</th><th>भुक्तानी मिति</th><th>ढिला भुक्तानी भएको रकम</th></tr>
<tr><td>कामी भञ्ज्याङ्ग लौडारी भञ्ज्याङ्ग कार्किगाउँ सडक</td><td>अन्तिम विल</td><td>बुलेट कन्सट्रक्सन</td><td>२०७८।०६।३१</td><td>२०७८।१२।१२</td><td>२६३६९१६।०३</td></tr>
<tr><td>१३ नं वडा कार्यालय निर्माण</td><td>अन्तिम विल</td><td>क्रिष्टल कन्स्ट्रक्सन</td><td>२०७७।१०।१२</td><td>२०७८।०५।२८</td><td>५२७३४२९</td></tr>
<tr><td>बाँके घलेछाप लौडारी भञ्ज्याङ्ग विरेन्ड मार्ग</td><td>अन्तिम विल</td><td>गोविन्द निर्माण सेवा</td><td>२०७८।०६।३०</td><td>२०७९।०१।२३</td><td>१०८०१५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>उपभोक्ता समिति छनौट<br><br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा पाँच करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशनगरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौता वाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन ।यसबाट</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>लागत अनुमान स्वीकृति:<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान र नियम १४ मा लागत अनुमानको स्वीकृति सम्बन्धी व्यवस्था उल्लेख छ। यस वर्ष पालिकाले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरि सम्पन्न गरेको योजनाको नमुना छनौटगरि परीक्षण गर्दा देहायको योजनाको स्वीकृत लागत अनुमान संलग्न छैन। कार्यालयले लागत अनुमान स्वीकृत नगरि योजना संचालन गर्नु नियमसम्मत मान्न सकिदैन।
<table>
<tr><th>भौ न</th><th>कार्यक्रम</th><th>खर्च रकम</th></tr>
<tr><td>१८४</td><td>निवुवा स्वारा रुपाकोट मोटर मार्ग</td><td>२७८५८९</td></tr>
<tr><td>१९०</td><td>असुरेखेत कुलो निर्माण</td><td>१०००००</td></tr>
<tr><td>१४४</td><td>घलेछाप खेलमैदान निर्माण</td><td>१६८०६१</td></tr>
<tr><td>१४०</td><td>छहरे खानेपानी योजना निर्माण</td><td>९६४००</td></tr>
<tr><td>१३८</td><td>अर्चले कालिका सामुदायिक विकास केन्द्र भवन</td><td>१७१५१६</td></tr>
<tr><td>१३७</td><td>हिमचुली आमा समुह भवन</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६६३५६६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>

**योजना सम्झौता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ अनुसार उपभोक्ता समितिबाट गराउने काम वा सेवाको सम्बन्धमा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधी उल्लेखगरि खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। यस वर्ष पालिकाले विभिन्न उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाको नमुना छनौटगरि परीक्षण गर्दा देहाएको निर्माण कार्यको योजना सम्झौता नगरि योजना संचालन गरेको पाईयो। कार्यालयले उपभोक्ता समितिसँग सम्झौतागरि योजना संचालन गर्नुपर्दछ।

<table>
<tr><th>भौ न</th><th>उपभोक्ता समिति</th><th>खर्च रकम</th></tr>
<tr><td>१७५</td><td>थानीमाई संरक्षण समिति</td><td>९९४३४</td></tr>
<tr><td></td><td>पुरनडिहि लिफ्ट खानेपानी योजना</td><td>२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९९४३४</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>

**जनसहभागिता वेगर उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(२) अनुसार उपभोक्ता समितिबाट गराउन सकिने कामको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खलाउनु पर्ने उल्लेख छ।यस पालिकाको उपभोक्ता समिति गठन व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधिको दफा ७(३) अनुसार उपभोक्ता मार्फत संचालन हुने आयोजनाको प्रकृति हेरि लागत सहभागिताको ढाँचा र अनुपात तोक्नुपर्ने उल्लेख छ।यस कार्यालयले ९ नं वडा स्तरिय सरसफाई योजनाको उपभोक्ता समितिसँग जनसहभागिता हुनुनपर्ने गरि सम्झौतागरि मुल्याङ्कन भएको रकम रु ५०१०२५।९८ मध्ये उपभोक्ता समितिको अंश ३.२० प्रतिशतले हुने रु १६०२५।९८ कट्टागरि रु ४८५०००। उपभोक्ता समितिलाई भुक्तानी दिएको छ।यस पालिकाले तर्जुमा गरेको उपभोक्ता समिति गठन व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधि, पालिकाको १० प्रतिशत जनसहभागिता हुनुपर्ने नीतिगत निर्णयर सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था विपरित जनसहभागिता नहुनेगरि उपभोक्ता समितिसँग सम्झौतागरि निर्माण कार्य गराउनु नियमसम्मत भएको

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मान्न सकिदै।कार्यालयले यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समिति मार्फत<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरिय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो।यसमा सुधार गर्नुपर्दछ। केहि व्यहोरा:
<table>
<tr><th>भौ नं.</th><th>कामको विवरण</th><th>उपभोक्ता समिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१५८</td><td>९ नं वडा कार्यालय कम्पाउण्ड निर्माण</td><td>उपभोक्ता समिति</td><td>२०००००</td></tr>
<tr><td>५१३</td><td>६ नं वडा कार्यालय भवन वाल निर्माण</td><td>उपभोक्ता समिति</td><td>४०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>जडान वेगरको खपत<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाइ पाईप खरिद वापतको उपभोक्ता समितिलाई रु ६९७९०२। भुक्तानी गरेकोमा खरिद</td><td>६९७,९०२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>निर्माण योजना</th><th>जडान नभएको पाईप</th><th>पाईपको रकम</th></tr>
<tr><td>१८५</td><td>जयवुद्ध चण्डीस्थान खानेपानी तथा सरसफाई योजना</td><td>एचडिपिई ६३ मिमि १००० RM र ३२ मिमि २०० RM जिआई पाईप ६५ मिमि १२ वटा र ५० मिमि १२ वटा</td><td>४८८०८४</td></tr>
<tr><td>५०३</td><td>कालीमाटी खानेपानी योजना</td><td>६३ मिमि ४८० RM र ३२ मिमि ४०० RM</td><td>२०९८१८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६९७९०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>ईटाँमा न्यून विजकिकरण<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएको ईटाँ प्रयोग हुने निर्माण योजनाको उपभोक्ता समितिले पेश गरेको ईटाँ खरिदको विल परीक्षण गर्दा कार्यालयले आधार लिएको जिल्ला दररेट भन्दा न्युन दरमा खरिद गरेको देखियो। कार्यालयले विल अनुसारको मुल्यांकन गरी न्युन विजकिकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा तपशिल बमोजिमका योजनामा उपभोक्ता समितिले पेश गरेको ईटाँ खरिदकोविलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु २८९५९७। बढि भुक्तानी भएको छ ।यसरी उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु अ कर सहितको जिल्ला दररेटको आधारमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा देहायअनुसार उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर रु ३३६५३ रकम समेत भुक्तानी भएकोले बढि दरमा मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>ब्रिक्स मेसिनरी परिमाण</th><th>खपत हुने परिमाण</th><th>मुल्याङ्कन दर</th><th>उपभोक्ता खरिद</th><th>बिल रकम</th><th>घटि विल रकम</th><th>मु अ कर</th></tr>
</table>
</td><td>३३,६५३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९७ | गौरिया बगदादी सुन्नी मदरसा | १६.२१ | ९०७७ | १५।५४ | ८२२२ वटा प्रति गोटा १०।१७ | ८३७१७ | ५७३३९ | ६५९६ |
| ४२७ | मगर सुधार समाज भवन | १५.०९ | ८४५० | १५।५४ | ६००० वटा प्रति गोटा १०।९६ | ६५७६० | ६९१०२ | ७९५० |
| ४६२ | चण्डीस्थान सामुदायिक भवन निर्माण | २४.८४ | १३९१० | १५।५४ | १३७०० वटा प्रति गोटा ७।९१ | १०८३६७ | १०७७९४ | १२४०१ |
| १९३ | चिलिङ सेन्टर निर्माण | २२.८८ | १२८१२ | १५।५४ | १०६०० वटा प्रति गोटा १३।५६ | १४३७३६ | ५५३६२ | ६३६९ |
| | | | | | | **जम्मा** | **२९२५२०** | **३३६५३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **अनुपातिक कट्टि**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा परीक्षण गर्दा आ व २०७७।०७८ मा सम्झौतागरि यस वर्ष निर्माण सम्पन्न गरेको साझवोट बहुउद्येश्यीय भवन निर्माण योजनाको लागत अनुमान रु ४३१८७३१। मा पालिकाको कन्टिन्जेन्सी सहित रु ४००००००। र उपभोक्ता समितिको अंश १०.१६ प्रतिशतले रु ४३८७३१ हुनेगरि समझौता गरेकोमा अन्तिम मुल्याङ्कन रु ४०६५८९८।कायम भएको अवस्थामा अनुपातिक दरले उपभोक्ता समितिको श्रमदानको अंश रु ४१३०९५ घटाई रु ३६५२८५२ भुक्तानी हुनुपर्नेमा पालिकाले श्रमदान वापत रु ३४५१३१। घटाई रु ३७२०७६७। भुक्तानी दिएको छ।यसरी सम्झौता अनुसार उपभोक्ता समितिको श्रमदानबाट हुनुपर्ने रु ६७९६४ बढि | ६७,९६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी रकम असुल गर्नुपर्ने रु | |
| ७६ | | | **फाउण्डेसनको काममा सुपरस्ट्रक्चरको दर:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गराएको निर्माण योजनामा पिसिसि फाउण्डेसनमा कार्य भएकोमा स्ट्रक्चरको दररेट कायम गरि मुल्याङ्कन गरि तपशिल बमोजिम रु २८४९२। बढि भक्तानी गरको छ। यसरी बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | २८,४९२ |

| भौ न | निर्माण योजना | कामको विवरण | परिमाण | मुल्याङ्कन दर | हुनुपर्ने दर | फरक दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३०९ | कल्लेरी पाखो कुलो निर्माण | पिसिसि एम १५ | १६.०२ | १२९५६.७२ | १२७५४.१५ | २०२.५७ | ३२४५ |
| ३७३ | बाटेगाउँ चण्डिस्थान सामुदायिक भवन | पिसिसि एम १० | १०.५५ | १२७५४.१५ | १०८५८.७० | १८९५.४५ | १९९९७ |
| ४६९ | मुलावरी हेल्थपोष्ट मार्ग | पिसिसि एम १५ | ७.६५ | १२९५६.७२ | १२७५४.१५ | २०२.५७ | १५५० |
| ४७१ | चापेरखोला कल्लेरी कल्भर्ट निर्माण | पिसिसि एम १५ | ९ | १२९५६.७२ | १२७५४.१५ | २०२.५७ | १८२३ |
| ५३० | मानमेला कुलो मर्मत | पिसिसि एम १५ | ९.२७ | १२९५६.७२ | १२७५४.१५ | २०२.५७ | १८७७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२८४९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>
बढि परिमाण मुल्याङ्कन<br><br>
भौ नं ५९ मिति २०७८।०४।२७ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले गत वर्ष सम्झौतागरि यस वर्ष भुक्तानी गरेको राईपाली भञ्ज्याङ्ग मानेचौका मोटर मार्ग निर्माण योजनाको लोटस निर्माण सेवालाई भुक्तानी गरेको छ।उक्त निर्माण कार्यको मुल्याङ्कनमा चेनेज ०+०१० देखि ०+०१५ को लम्वाई १० मिटर नापीगरि सडक कटिङ्ग कार्यको परिमाण गणना गरिएको छ। यसरी अतिरिक्त ५ मिटर गणना भई थप १५३.२७५ घ मि मुल्याङ्कन भएको मध्ये २२.९९ घ मि नरम चट्टान प्रति घन मिटर रु १५० को दरले रु ३४४८.५ र १३०.२९ घन मिटर मध्ययम चट्टान प्रति घन मिटर रु ३०० को दरले रु ३९०८५ गरि रु ४८०६३ मु अ कर समेत निर्माण व्यवसायी लोटस निर्माण सेवा लाई बढि भुक्तानी भएको छ।अत: बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
</td><td>४८,०६३</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>
बढि दर<br><br>
सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको तपशिल बमोजिमका योजनामा स्वीकृत दरभन्दा फरक दरमा मुल्याङ्कनगरि भुक्तानी गरेको छ।यसरी बढि दरमा मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई तपशिल बमोजिमका योजनामा तपशिल बमोजिमका भौचरबाट रु ४५५९८ बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>कामको विवरण</th><th>परिमाण</th><th>स्वीकृत दर</th><th>मुल्याङ्कन दर</th><th>फरक दर</th><th>रकम</th></tr>
<tr><td>९४</td><td>बागेश्वरी</td><td>पहिरो</td><td>६५८.७५</td><td>४७.१३</td><td>७४.०६</td><td>२७.०५</td><td>१७८१९</td></tr>
</table>
</td><td>४५,५९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मार्ग निर्माण</td><td>पन्छाउने</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४७८</td><td>ढुङ्गाको कोल हुदै वडा कार्यालय जाने बाटो</td><td>नरम चट्टान</td><td>२९.७५</td><td>२२४.९२</td><td>५६२.२९</td><td>३३७.३७</td><td>१००३६</td></tr>
<tr><td>५६०</td><td>तिनपिप्ले ढकालगाउँ सिम्ले पश्चिम मोटर मार्ग</td><td>नरम माटो</td><td>५७१.५०</td><td>६२.४८</td><td>८०.२०</td><td>१७.७२</td><td>१०१२७</td></tr>
<tr><td>५३९</td><td>सेराफाँट कुलो निर्माण</td><td>कडा माटो</td><td>२१६.८०</td><td>८०.३३</td><td>११५.४६</td><td>३५.१३</td><td>७६१६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४५५९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>डण्डीमा बढि भुक्तानी<br><br>२९।२०७८।०९।१३ सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकनगरि भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको आरसिसिढलान कार्यको तपसिल वमोजिमका केहि नमुना छनौट गरि सम्वद्ध फाँटवारी परिक्षण गर्दा मेन बारमा खपत हने डण्डीको नापी तथा मुल्याङ्कन भएको परिमाण भन्दा घटि परिमाणमा डण्डी प्रयोगगरि कार्य सम्पादन भएको छ।यसरी मुल्याङ्कन परिमाण भन्दा घटि परिमाणमा निर्माण सामाग्री प्रयोगबाट तोकिएको गुणस्तर सुनिश्चित नभई निर्माण कार्यको दिगोपना कायम नहुनुका साथै वास्तविक कार्य कार्यसम्पादन भन्दा बढि परिमाण मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ।यसरी बढि</td><td>३२,७४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भुक्तानी भएको रकम रु ३२७४४। असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>कामको विवरण</th><th>मुल्याङ्कन परिमाण</th><th>खपत परिमाण</th><th>फरक परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>९१</td><td>रानी पोखरी जाने बाटो निर्माण</td><td>५३*१२*०.३९ =२४८ केजी</td><td>५३*९*०.३९ =१८६ केजी</td><td>५९ केजी</td><td>११८.०५</td><td>७३१५</td></tr>
<tr><td>२५८</td><td>ओखलपानी आमा समुह भवन निर्माण</td><td>२६४*१.५३*०.८८ =३५५.४५ केजी</td><td>१९२*१.५३*०.८८ =२५८ केजी</td><td>९६.९४ केजी</td><td>११८.०५</td><td>११४४३</td></tr>
<tr><td>४८२</td><td>पिपलपानी चायाटारी दमौली मोटर बाटो</td><td>१२*२६.५*०.६१ =१९४ केजी</td><td>६*२६.५*०.६१ =९७ केजी</td><td>९७ केजी</td><td>११८.०५</td><td>११५३७</td></tr>
<tr><td>५७३</td><td>लामाटारी खा पा योजना</td><td>१४*४*०.८८ =४१.७२ केजी</td><td>१४*४*०.३९= २१.८४ केजी</td><td>१९.८८ केजी</td><td>११८.०५</td><td>२४४९</td></tr>
<tr><td></td><td></td><td></td><td colspan="3">जम्मा</td><td>३२७४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,वालुवा,गिट्टि, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले दररेट विश्लेषण गर्दा मुल्य अभिवृद्धि कर योग्य निर्माण सामाग्री खपत हुने अवस्थामा मात्र मुल्य अभिवृद्धि कर सहितको निर्माण सामाग्रीको दररेट कायम गर्नुपर्दछ।यस पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेको केहि भवन निर्माण योजना नमुना छनोटगरि परिक्षण गर्दा पालिकालले काठको स्वीकृत जिल्ला दररेटमा मूल्य</td><td>५४,७४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिवृद्धि कर समेत थपगरि दररेट विश्लेषण गरेको छ।तपशिल बमोजिमका योजनाको फाँटवारी परीक्षण गर्दा उपभोक्ता समितिले काठ खरिद गरेको भरपाई पेश गरेको देखिन्छ।यसरि उपभोक्ता समितिबाट भरपाई पेश भएको अवस्थामा उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु ५४७४८। अतिरिक्त भुक्तानी भएको छ।यसरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने र | |
| ८१ | | | **डिजिटल प्रोफाईल निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर लागत अनुमान तयार गरको कारण लागत अनुमान | |

| **भौ नं** | **निर्माण योजना** | **कामको विवरण** | **परिमाण** | **खपत हुने काठ (घ मि)** | **दर (मु अ कर सहित)** | **रकम मु अ कर सहित** | **मु अ कर** |
|---|---|---|---|---|---|---|---|
| ४ | चन्द्रावती सामुदायिक भवन निर्माण | झ्याल र ढोकाको चौकास | ०.६५ | ०.७१५ | १७९३५८ | १२८२४१ | १४७५३ |
| १९३ | चिलिङ सेन्टर निर्माण | सालको पल्ला | ०.३६ | ०.३९६ | २०२६०१ | ८०२३० | ९२३० |
| ३९७ | गौरिया बगदादी सुन्नी मदरसा | झ्याल र ढोकाको चौकास | ०.६८ | ०.७४८ | २०२६०१ | १५१५४५ | १७४३४ |
| ४२७ | मगर सुधार समाज भवन | झ्याल र ढोकाको चौकास | ०.३८ | ०.४१८ | २०२६०१ | ८४६८७ | ९७४२ |
| ४८५ | रिठ्ठा बोक्सेट दलित भवन | सालको काठको काम | ०.१४ | ०.१५४ | २०२६०१ | ३१२०० | ३५८९ |
| | | | | | | **जम्मा** | **५४७४८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यथार्थपरक भएको आश्वस्त हुने आधार देखिदैन। डिजिटल प्रोफाईल निर्माण कार्यको लागि कार्यालयले सुचिकृत परामर्शदातासँग आर्थिक तथा प्राविधिक प्रस्ताव मागगरि सारभुत रुपमा प्रभावकरी मुल्याङ्कित फोर जि ईन्जिनियरिङ्ग सोलुसन प्रा लि सँग लागत अनुमानकै हाराहरी रु १९९३३२०। मा सम्झौतागरि परामर्श सेवा खरिद गरेको छ। सम्झौता गरेको रकम भित्र कार्यालयले सम्पूर्ण पालिकाको डिजिटल प्रोफाईल निर्माण गर्नसक्नेमा ६ वटा वडाको मात्र डिजिटल प्रोफाईन निर्माण गरेको छ भने निर्मित डिजिटल प्रोफाईललाई सेवा प्रवाहसँग आवद्ध गरेको छैन।पालिकाले सार्वजनिक स्रोतको उपयोग गर्दा गुणात्मक प्रतिफल प्राप्त हुनेगरि लगानी गर्नुपर्दछ। | |